# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष ३ अङ्क ३२ पूर्णाङ्क १३० | २०७५ माघ २१ गते सोमबार | Monday, Feb. 4, 2019 | पृष्ठ ८ | मूल्य रु. १०|-


## कृष्णदास श्रेष्ठ नर्भिकमा स्वास्थ्यलाभ गर्दै



काठमाडौं । वामपन्थी लेखक, नेता तथा अग्रज कृष्णदासलाई श्रेष्ठ शुक्रवार नर्भिक अस्पतालमा भर्ना गरिएको छ । उनलाई शुक्रवार साढे दश बजेतिर अस्पताल भर्ना गरिएको हो । नर्भिक अस्पतालको क्याबिन नम्बर ७१४ मा स्वास्थ्य लाभ गरिरहेका ८७ वर्षीय श्रेष्ठ शारीरिक रूपमा निकै कमजोर अवस्थामा छन् ।

पारिवारका अनुसार उनलाई अन्य रोग त छैन, ...बाँकी ७ पेजमा

# भ्रष्टाचारीहरूका विरुद्ध आक्रामक बन्दै आरवाइएल



● **वर्गदृष्टि संवाददाता**

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)को युवा संगठन क्रान्तिकारी युवा लिग, नेपाल भ्रष्टाचारीहरूका विरुद्ध आक्रामक बन्दै गएको छ । वाइडबडी घोटालाका कुख्यात पात्र सुगतरत्न कंसकारमाथि कालोमोसो दलेर भ्रष्टाचारीहरूमाथि कारबाही थालेको आरवाइएलले १६ माघमा सुर्खेतको मालपोत कार्यालयमा सूचना अधिकृतको रूपमा कार्यरत भ्रष्ट कर्मचारी नरबहादुर घर्तीलाई कालोमोसो दली कारबाही गरेको छ ।

क्रान्तिकारी युवा लिग सुर्खेतका नेता हिमाल शाहीले दिएको जानकारी अनुसार भ्रष्ट कर्मचारीको रूपमा बदनाम घर्तीलाई उनकै कार्यकक्षमा कालोमोसो दलिएको हो । उनलाई युवा लिगको टोलीले ३ : ३० मा कालोमोसो दलेको शाहीले बताए ।

आरवाइएलले २०७५ पौष २० गते नेपाल वायुसेवा निगमका महाप्रबन्धक सुगतरत्न कंसकारमाथि उनकै कार्यकक्षमा कालोमोसो दलेको थियो । संसदको लेखा समिति सदस्य राजन केसीको संयोजकत्वमा बनेको उपसमितिले तयार पारेको छानविन प्रतिवेदनले नेपाल वायुसेवा निगमको दुईवटा वाइडबडी जहाज खरिदमा ४ अर्ब ३५ करोड ४६ लाख भ्रष्टाचार भएको ठहर गरेको थियो । २४ अर्बको जहाज खरिद गर्दा भएको घोटालामा उपसमितिले बहालवाला पर्यटन मन्त्री रविन्द्र अधिकारी, पूर्व मन्त्रीहरू जीवनबहादुर शाही, जितेन्द्र नारायण देव, हाल गृहसचिव रहेका प्रेम राईलगायत निगम सञ्चालक समितिका अध्यक्ष शंकर अधिकारी, हालका सचिव कृष्णप्रसाद देवकोटा तथा निगमका महाप्रबन्धक सुगतरत्न कंसकारलाई दोषी ठहऱ्याई 'तत्काल निलम्बन गरी हदैसम्मको दण्ड सजाय गर्न कानुनी कारबाही अघि बढाउन नेपाल सरकार र अख्तियारलाई निर्देशन दिन' सिफारिस गरेको थियो । यही विषयलाई लिएर संसदमा गरमागरम बहस चलिरहेको थियो र निमगका महाप्रबन्धक कंसकारलाई सांसदहरूले 'भ्रष्टाचारको महानायक' भन्दै उछितो काडीहरहेका ...बाँकी ५ पेजमा

## छुटे आरवाइएलका नेता तामाङ



काठमाडौं । वाइडबडी घोटालाका मुख्य आरोपी नेपाल वायुसेवा निगमका महाप्रबन्धक सुगतरत्न कंसकारलाई कालोमोसो दलेको आरोपमा प्रहरीले पक्राउ गरी थुनामा राखेका नेकपा (क्रान्तिकारी माओवादी) को युवा संगठन क्रान्तिकारी युवा लिग, नेपालका केन्द्रीय सचिवालय सदस्य सुरेश तामाङ मंगलबार थुनामुक्त भएका छन् । उनी थुनामुक्त भएलगत्तै उनलाई स्वागत गर्न जिल्ला प्रशासन कार्यालय ...बाँकी ५ पेजमा

## क्रान्तिकारी माओवादीको बाग्लुङ जिल्ला अधिवेशन भव्यतापूर्वक सम्पन्न

### कमरेड पूर्णको नेतृत्वमा ३५ सदस्यीय जिल्ला कमिटी निर्वाचित



बाग्लुङ । नेकपा (क्रान्तिकारी माओवादी) बाग्लुङको १२ औं जिल्ला अधिवेशन भव्यतापूर्वक सम्पन्न भएको छ । जिल्लाको ढोरपाटन नगरपालिका-१, बुर्तिवाङ स्थित थकाली समाज ...बाँकी ४ पेजमा

## अखिल (क्रान्तिकारी)को पदाधिकारी बैठक सम्पन्न

### कार्यविभाजन, स्ववियुको निर्वाचनमा भाग लिने, पूर्ण समानुपातिक निर्वाचन प्रणालीका लागि संघर्ष गर्ने

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल (क्रान्तिकार ी)ले पदाधिकारीको कार्यविभाजन गरेको छ । संगठनको भेलापछिको पहिलो पदाधिकारी बैठकबाट सातवटै प्रदेशमा संयोजक तोकेको छ । जस अनुसार १ नं. मा सुर्य कार्की, २ नं. मा दीपेन्द्र लामिछाने, ३ नं. मा शिलु न्यौपाने, ४ नं. मा मनकुमार न्यौपाने, ५ नं. मा महेश श्रेष्ठ, ६ नं. मा तिर्थ राई, ७ मा रामबहादुर महरालाई संयोजक तोकेको हो । पार्टी कार्यालय बुद्धनगरमा सम्पन्न बैठकल हरिकृष्ण गजुरेल, किरण अधिकारी थारु, शिलु न्यौपाने र पेशल दाहाल रहेको कार्यालय बनाएको छ भने व्यवस्थापनको जिम्मा किरण थारुलाई र कार्यालय सचिवको जिम्मा रञ्जित साहलाई दिएको छ ।

बैठकले स्ववियु निर्वाचनलाई उपयोग गर्ने निर्णय गर्दै पूर्ण समानुपातिक निर्वाचनका लागि संघर्ष गर्ने निर्णय गरेको छ । बैठकले संगठन विस्तारलाई व्यापक बनाउने, प्रकाशनलाई नियमित गर्नेलगायतका निर्णय गरेको छ । बैठकमा क्रान्तिकारी माओवादीका स्थायी समिति सदस्य सीपी गजुरेलको ...बाँकी ४ पेजमा

## प्रहरी अवरोध छिचोल्दै कैलालीमा क्रान्तिकारी माओवादीको अधिवेशन भव्यतापूर्वक सम्पन्न




कैलाली।कैलालीमाप्रहरीप्रशासनको अवरोध छिचोल्दै नेकपा (क्रान्तिकारी माओवादी)ले भव्यतापूर्वक जिल्ला अधिवेशन सम्पन्न गरेको छ । "दलाल नोकरशाही पुँजीवाद र सामन्तवादको अ न्त य ...बाँकी ४ पेजमा

## 'क्रान्तिको मूलआधार : नयाँ युवा, नयाँ जाँगर'

### क्रान्तिकारी युवा लिग ३ नं. प्रदेशको वैठक भव्य रूपमा सम्पन्न

काठमाडौं । क्रान्तिकारी युवा लिग ३ नं. प्रदेशको कमिटीको वैठक भव्य रूपमा सम्पन्न भएको छ । वैठकले आगामी दिनका लागि संगठन विस्तार तथा संघर्षका ठोस कार्यक्रमहरू तय गरेको छ ।

संगठनले लिएका महत्वपूर्ण निर्णयहरूमा सबैभन्दा बढी जोड संगठन निर्माणमा दिइएको छ । जस अनुसार प्रदेश नम्बर ३ अन्तर्गत् रहेका सबै जिल्लाहरूमा फागुन महिनाभर जिल्ला भेला र सम्मेलन गरिसक्ने निर्णय गरिएको छ । 'प्रत्येक इकाइ, प्रत्येक गाउँ : क्राान्तिको झण्डा उठाउँ' भन्ने नारा अन्तर्गत ३ नं. प्रदेशका गाउँगाउँमा संगठन निर्माण तथा विस्तार गरिने निर्णय गरिएको छ । यसैगरी, 'क्रान्तिको मूल आधार : नयाँ युवा, नयाँ जाँगर' नारा अन्तर्गत् नव निर्मित संगठनहरूलाई परिचालन गरिने छ । संगठन निर्माणलाई व्यापक बनाउन प्रत्येक जिल्लामा न्युनतम संख्या वा कोटा पनि तोकिएको बताइएको छ । संगठनलाई थप प्रभावकारी बनाउनका लागि स्वयम्सेवक दल तथा आवश्यक विभागहरू पनि निर्माण गरिएको बताइएको छ ।

वैठकले संघर्षसम्बन्धी महत्वपूर्ण निर्णयहरू पनि लिएको जनाइएको छ । जसअनुसार भ्रष्ट, दलाल, तस्कर, माफिया, कमिसनखोर तथा बिचौलियाका साथै जालीफटाहका विरुद्धमा जनसंघर्ष, वर्गसंघर्ष र प्रतिरोध संघर्षका कार्यक्रमहरू लैजाने निर्णय गरिएको बताइएको छ । वैठकले संघर्षका क्रममा वर्तमान दलाल सरकारले वाइडबडी विमान खरिदका क्रममा वायुसेवा निगमले गरेको घोटालालाई लिएर सुगतरत्न कंसाकारमाथि गरिएको कारवाहीको सिलसिलामा लगभग एक महिना हिर ासतमा रही रिहा भएका सुरेश तामाङको स ं घ ष ा र् क ा े ...बाँकी ४ पेजमा

## नेपाली कम्युनिस्ट आन्दोलनभित्र क्रान्तिको भविष्य

वस्तुबाट चेतनाको जन्म हुन्छ । यो द्वन्द्वात्मक ऐतिहासिक भौतिकवादी मान्यता हो । यो मान्यता द्वन्द्वात्मक ऐतिहासिक भौतिकवाद, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवाद जस्ता संघटक अंगहरूसहित मार्क्सवादका रूपमा कार्ल मार्क्स र फेडरिक एंगेल्सले संश्लेषित गर्नु भएको हो । पछि मार्क्सवादी विचारलाई रुसको वर्ग संघर्षको भट्टीमा हालेर भी.आई. लेनिनले विकास गर्नुभयो । यो मार्क्सवाद-लेनिनवादको रूपमा विकास भयो । यही सैद्धान्तिक आलोकमा सहरबाट गाउँ घेर्ने, जनसंघर्षबाट सशस्त्र संघर्षमा फड्को मार्ने र केन्द्रीय सत्ता कब्जा गरी स्थानीय सत्तातिर विस्तारित हुँदैजाने अल्पकालीन सशस्त्र जनविद्रोह (ब्कभम क्ष्लकगचचभतष्यल) को विकास भयो ।

*ऐतिहासिक भौतिकवाद, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवाद जस्ता संघटक अंगहरूसहित मार्क्सवादका रूपमा कार्ल मार्क्स र फेडरिक एंगेल्सले संश्लेषित गर्नु भएको हो । पछि मार्क्सवादी विचारलाई रुसको वर्ग संघर्षको भट्टीमा हालेर भी.आई. लेनिनले विकास गर्नुभयो*



● भरत बुर्जामगर ●

सन् १९१७ अक्टोबर २५ का दिन रुसमा महान् सर्वहारा समाजवादी क्रान्ति सम्पन्न भई विश्वभरि क्रान्तिको लहर फैलियो । चीनमा नयाँ जनवादी क्रान्ति सम्पन्न गर्न गाउँबाट सहर घेर्ने, अवैधानिक संघर्ष प्रधान, वैधानिक संघर्ष सहायक, स्थानीय सत्ता कब्जा गरी अन्त्यमा केन्द्रीय सत्ता कब्जा गर्ने दीर्घकालीन जनयुद्ध (एचयतचबअतभम एभयउभुक ध्बच०) को विकास भयो । यो रक्षा, सन्तुलन र प्रत्याक्रमण हुँदै तीन चरणबाट अघि बढ्दछ । यसको प्रभावमा भारतको तेलंगनामा आन्दोलनको उठान भयो । यसैलाई नक्सलवादी आन्दोलन भनेर नामाकरण गरियो ।

नेपालमा १०४ वर्षे निरंकुश राणाशासनको विरुद्ध संग्राम सुरु भयो । वि.सं. २००६ साल वैशाख १० गते (१९४९ अप्रिल २२ तारिख) भारतको कलकत्तामा पुष्पलाल श्रेष्ठको संस्थापकत्वमा नरबहादुर कर्माचार्य, निरञ्जन गोविन्द वैद्य र नारायणविलास जोशीको नेतृत्वमा नेपालमा कम्युनिस्ट पार्टीको जन्म भयो । तात्कालीन नेपाल कम्युनिस्ट पार्टीले मार्क्सवाद-लेनिनवादलाई पथप्रदर्शक सिद्धान्त मान्यो । अर्धसामन्ती, अर्ध-औपनिवेशिक नेपालमा सामन्तवाद, [illegible] ...बाँकी ७ पेजमा

## सम्पादकीय

# बिचौलियाको स्वर्ग भत्काउनु जरुरी

नेपालको शासन व्यवस्था अहिले बिचौलियाको स्वर्ग बनेको छ । केन्द्रदेखि स्थानीय तहसम्म बिचौलियाको पदसोपान नै कायम भएको छ । ती बिचौलिया सत्तासिन पार्टी र संघीय प्रधानमन्त्रीदेखि स्थानीय सरकारका प्रतिनिधि र सभासदसम्म जुका भैंं टाँसिएर रहेका छन् । कर्मचारी, सेना, पुलिस र मठाधीशदेखि न्यायाधीशसम्म यसको आफ्नै च्यानल र पद्धति बनेको छ । यी बिचौलियाहरूमा सत्ताधारी पार्टी र सरकारका आफन्त, नातेदार तथा नजिकका मानिसहरू रहने गरेका छन् । अहिले यिनैको लूटको राज चलिरहेको छ । संसदीय व्यवस्थाको अन्त्य गरी जनताको जनवादी रज्यसत्ताको स्थापना गर्न आजभन्दा २५ वर्ष अगाडि जनयुद्ध लडिए पनि घुमिफिरी फेरि त्यही संसदीय व्यवस्था स्थापना भएपछि यसले दलाल व्यवस्थाको रूप धारण गर्न पुगेको छ । दलाल व्यवस्थामा मुट्ठीभर बिचौलिया वा ब्रोकरहरूको बिगबिगी रहने गर्दछ । नेपालमा पनि भएको छ त्यही ।

अहिले सत्ताधारी पार्टीका नेताहरू, सरकारका प्रमुखहरू, राज्यका प्रमुखहरू, राज्य भित्रका कर्मचारी प्रमुखहरू, सेना तथा प्रहरी प्रमुखहरू, व्यापारीहहरू र यिनका वरपरका मानिसहरू बिचौलिया धन्दामा लागेर निकै मोटाएका छन् । उनीहरूको एकछत्र बिगबिगी रहेको छ । यिनका आफन्तहरूले राज्यका भौतिक पूर्वाधार निर्माणका ठेक्का पाउने गरेका छन् । निर्माण सामग्रीहरू डोजर, एक्स्क्याभेटरदेखि ट्र्याक्टरसम्म पनि उनीहरूका हातमा रहने गरेका छन् । प्रदेश तथा स्थानीय सरकारका सदरमुकामहरू नयाँ निर्माण गर्ने नाममा वन फँडानी गरेर खर्बौंको काठ तस्करी गर्ने योजनामा यिनीहरू योजनावद्ध क्रियाशील छन् । देशभरका सार्वजनिक तथा ऐलानी जग्गा हडप्ने र बजार विस्तार वा भवन निर्माणका नाममा बेचबिखन गरिरहेका छन् । मन्त्री परिषदको बैठकबाट यी सबै कुरा पारित गरी कार्यान्वयनमा लागिसकेका छन् । विमानस्थल निर्माणका नाममा चारकोसे झाडी फडानी पनि यी बिचौलियाको योजनामा पारिएको छ । तरकारी बजारदेखि निर्माण सामग्री आयातसम्म, नूनदेखि सुनसम्म, श्रृंगारका सरसामानदेखि साजसज्जाका सामानहरूसम्म यिनै दलाल र बिचौलियाहरूको एकछत्र कब्जा र राज रहेको छ । गर्दै जाँदा त देशको कुनै पनि जायजेथा र योजना तथा परियोजनाले नपुगेपछि होटलहरूमा देशको राज्यसत्ताका मुकामहरू सारेर हप्तौंसम्म बसेर 'होली वाइन' ले शेचन गरेर लाजै पचाएर हात थापेर डलर खाने गरेका छन् । अहिले आफ्नै हैसियत नहुनेहरू राज्यसत्ताको माथिल्लो ओहदामा रहन पुगेका छन् ।

देशको माटो र सीमासम्म बेचेर आफ्नो स्वार्थसिद्ध गर्ने नेकपाको ओली सरकार यो बिचौलियाको सञ्जाल बिस्तारमा कम्मर कसेर लागेको छ । यो आगामी दिनमा यही सञ्जाल रहेमा मात्र आफ्नो राज कायम हुनेमा पनि ढुक्क देखिन्छ । यसले त यतिसम्म पनि भन्न हिच्किचाएको छैन कि देशमा रहेका तीन करोड नेपालीहरूमा सबैको चित्त बुझाउन सकिदैन । त्यसैले विरोधका स्वरहरू आइ नै रहन्छन् । मानौ यो स्वाभाविक हो । तर ओलीको बिचौलिया, माफिया, तस्कर, भ्रष्ट तथा दलाल सरकार नै देश र जनताका विरुद्धमा गएकाले जनस्तरबाटै विरोध सुरु भएको हो भन्ने यथार्थ कुरा अन्यत्रै मोड्न चाहन्छ । बहसका कुराहरू अरु नै बनाउन चाहन्छ । यसका लागि सतर्कताका साथ अहिलेदेखि नै संघर्षका कदमहरू उठाउनु जरुरी छ ।

## लेखकहरूमा अनुरोध

१. यस वर्गदृष्टि साप्ताहिक तथा मूलबाटो डटकमका लागि लेख/रचना पठाउँदा एक हजार शब्दमा नबढाइकन आफ्नो लेख/रचना पठाइदिनु हुन,
२. कम्प्युटर टाइप गरी पठाउँदा शुक्रबारसम्म र हस्तलिखित पठाउँदा बुधबारसम्म पत्रिकाको कार्यालयमा वा इमेलमा पठाइदिनु हुन,
३. सकेसम्म छोटा र सरल वाक्य प्रयोग गरिदिनु हुन हार्दिक अनुरोध छ ।

**सम्पादन विभाग, वर्गदृष्टि मिडिया**

# मार्क्स र द्वन्द्वात्मक भौतिकवादको विकास



हस्तबहादुर केसी

**मार्क्सले समाज विज्ञानका तीनवटै क्षेत्रमा खासगरी दर्शनशास्त्र, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवादका क्षेत्रमा महत्वपूर्ण योगदान गर्नु भयो । शुरूमा त मार्क्सले द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी दर्शन, त्यसका साथै राजनीतिक अर्थशास्त्रका अतिरिक्त मूल्यको सिद्धान्त र वैज्ञानिक समाजवादमा वर्गसंघर्ष, सशस्त्रसंघर्ष र सर्वहारावर्गको अधिनायकत्वलाई पनि स्थापित गरे भयो**

कार्ल मार्क्सले प्राचीन युनानको सहज भौतिकवाद र द्वन्द्ववाद काण्टदेखि हेगेलसम्म विकसित हुँदै गएको जर्मनशास्त्रीय दर्शन, हेगेलको द्वन्द्ववाद र फायरबाखको भौतिकवादको गंभीर अध्ययन गर्नु भै हेगेलमा द्वन्द्ववादको चरम विकास भएको थियो, तर उनी आदर्शवादी थिए । त्यस्तै फायरवाखमा भौतिकवादको राम्रो विकास भएको थियो, तर उनी अधिभूतवादी र धार्मिक-नैतिक-क्षेत्रमा आदर्शवादी थिए । यही परिपेक्षमा मार्क्स एंगेल्सले हेगेलको आदर्शवादीको विरोध गर्दै उनको द्वन्द्ववादलाई अंगिकार गर्नु भयो । त्यस्तै उहाँहरूले फायरवाखमा विद्यमान अधिभूतवाद र आदर्शवादको विरोध गर्दै उनको भौतिकवादलाई अंगाल्नु भयो । यसरी मार्क्स-एंगेल्सले द्वन्द्ववाद र भौतिकवादलाई परिमार्जन, संश्लेषित र एकीकृत बनाउँदै नयाँ दर्शनको आधारशिला तयार पार्नु भयो । अर्थात मार्क्स एंगेल्सले हेगेल र फायरवाखको टाउकोले टेकेको दर्शनलाई सुल्टयार खुट्टाले टेकेर उभिने बनाई दिएर द्वन्द्वात्मक भौतिकवादको विकास गर्नु भयो ।

साथै, मार्क्सले समाज विज्ञानका रूपमा ऐतिहासिक भौतिकवादको आविष्कार गरेर वर्ग, वर्गसंघर्ष, इतिहासमा बल प्रयोग भूमिका कुरा र इतिहासदेखि आजसम्मका इतिहास वर्गसंघर्षको इतिहास हो" भने संश्लेषण गर्दै उत्पादन सम्बन्ध रहने, समाज विकासका नियमहरू ठोस गर्दै सामाजिक क्रान्तिकारीद्वारा राज्यको उत्पत्तिदेखि राज्यको विलोपीकरण सम्मको वैज्ञानिक सिद्धान्त प्रतिपादन गरेर दर्शनको क्षेत्रमा द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादलाई स्थापित गर्नु यस पश्चात दार्शनिक फाँटमा यसले नयाँ क्रान्ति ल्याई दियो र यस भन्दा पहिलेका सम्पूर्ण दर्शनहरू पछाडि पर्न गए र दुनीयाँमा नयाँ हलचल पैदा गरि दियो । यस एंगेल्सको साथ र सहयोगमा मार्क्सको महत्वपूर्ण योगदान रहन गयो ।

लेनिनले मार्क्सवादका तीन श्रोतको उल्लेख गर्नु भएको छ र यसैका आधारमा मार्क्सवादमा तीन संघटका अंग पनि निर्मित भएका छन् । जस्तो कि दर्शनशास्त्र, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवादका तीन संघटक अंग हुन् ।

अर्को कुरा दर्शनशास्त्र प्रकृति समाज र चिन्तनका गतिका सामान्य नियमहरूको अध्ययन गर्ने विज्ञान हो र यसलाई मार्क्सले नितान्त नयाँ ढंगले विकसित गर्नु भएको छ । राजनीतिक अर्थशास्त्र उत्पादन सम्बन्धहरूको अध्ययन गर्ने विज्ञान हो र यसलाई पनि मार्क्सले नयाँ ढंगले विकासित तुल्याउनु भएको छ । पुँजीवादी अर्थशास्त्रीहरूले राजनीतिक अर्थशास्त्रलाई वस्तुहरूको आफ्नो सम्बन्धको अध्ययन गर्ने विज्ञानका रूपमा लिएका थिए तर यसको उल्टो मार्क्सले मानिसहरूको पारस्परिक सम्बन्धको अध्ययन गर्ने विज्ञानको रूपमा राजनीतिक अर्थशास्त्रलाई स्थापित गर्नु भयो ।

मूल्याको श्रमसिद्धान्तलाई मार्क्सले नयाँ व्याख्या, परिष्कार र अतिरिक्त मूल्यको सिद्धान्तको खोजका आधारमा समृद्ध तुल्याउनु भयो । वैज्ञानिक समाजवाद एक यस्तो सामाजिक तथा वैचारिक व्यवस्था हो, जुन वर्ग संघर्ष, बलप्रयोगको भूमिका, सर्वहारावर्गको अधिनायकत्व र वर्गहरूको विलोपको सिद्धान्तमा आधारित रहेको छ । मार्क्सले काल्पनिक समाजवादका विरूद्ध वैचारिक संघर्ष चलाउँदै वैज्ञानिक समाजवादको विज्ञानलाई स्थापित गरेर महत्वपूर्ण योगदान गर्नु भयो ।

मार्क्सपूर्वका काल्पनिक समाजवादी तथा साम्यवादीहरूले पुँजीवादी उत्पादनबाट मजदुरहरूको मुक्तिको सपना अवश्यैदेखे तर त्यसलाई वैज्ञानिक सिद्धान्तको रूपमा लिन सकेका थिएनन् । हेगेलको इतिहासलाई अधिभूतवादबाट मुक्तगरी द्वन्द्ववादको रूप त अवश्यै प्रदान गरे तर इतिहास सम्बन्धि उनको धारणा मूलतः आदर्शवादी थियो । यो स्थितिमा मार्क्सले इतिहासको भौतिकवादी मान्यताको आविष्कार गर्नु भयो । र मार्क्सले अगाडि भन्नु भयो "अपितु यसको उल्टो त्यसको सामाजिक अस्तित्वले त्यसको चेतनालाई निर्धारण गर्दछ ।" इतिहासको यो भौतिकवादी मान्यतालाई आधार बनाउँदै मार्क्स-एंगेल्स कुन निष्कर्षमा पुग्नु भयो भने आदिम युगलाई छाडेर समस्त विगतको इतिहास वर्गसंघर्षको इतिहास हो ।

साथै मार्क्स एंगेल्सले प्रकृति विज्ञान र इतिहासको क्षेत्रमा वास्तविक अन्तः सम्बन्धका ठाउँमा काल्पनिक अन्तः सम्बन्ध प्रस्तुत गर्ने आदर्शवाद र अधिभूतवादका विरूद्ध संघर्ष चलाउँदै ती दुवै क्षेत्रका वैज्ञानिक नियमहरूलाई राम्रो सँग उत्पादन गर्नु भएको छ । प्रकृति समाज र चिन्तनमा विद्यमान गतिका सामान्य नियमहरूको खोज गर्नु नै यो उद्घाटनको वास्तविक कुञ्जी बन्न गएको छ । यस प्रकारको अध्ययन र खोजले एकातिर प्रकृति दर्शन र इतिहास दर्शनको प्रभुत्वबाट प्रकृति विज्ञान र समाज विज्ञानका विविध शाखाहरूलाई मुक्त गरी तिनलाई स्वायत्त विज्ञानहरूको हैसियत प्रदान गर्‍यो भने अर्कोतिर एक विशिष्ट सकारात्मक विज्ञानका रूपमा दर्शनशास्त्रलाई अन्तर्वस्तु तथा रूप दुवै दृष्टिले परिमार्जित गरी नयाँ ढंगले विकासित गर्ने काम भयो । यस प्रकारको नयाँ संश्लेषणबाट सर्वहारावर्गको वैचारिक शास्त्रका रूपमा द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादको प्रादुर्भाव हुन पुग्यो, त्यो पुरानो ढंगको दर्शनशास्त्र न भै नयाँ विश्वदृष्टिकोण बन्न पुग्यो । यसमा मार्क्सको महत्वपूर्ण योगदान रहयो ।

मार्क्सले समाज विज्ञानका तीनवटै क्षेत्रमा खासगरी दर्शनशास्त्र, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवादका क्षेत्रमा महत्वपूर्ण योगदान गर्नु भयो । शुरूमा त मार्क्सले द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी दर्शन, त्यसका साथै राजनीतिक अर्थशास्त्रका अतिरिक्त मूल्यको सिद्धान्त र वैज्ञानिक समाजवादमा वर्गसंघर्ष, सशस्त्रसंघर्ष र सर्वहारावर्गको अधिनायकत्वलाई पनि स्थापित गरे भयो ।

मार्क्सका योगदानहरूलाई छोटकरीमा यसरी राख्न सकिन्छ कि दर्शनका क्षेत्रमा उहाँले द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद प्रतिपादन गर्नु भयो । यसमा मार्क्सले जर्मन दर्शनशास्त्रका अग्रणीहरू खास गरी हेगेल, काण्ट र फायरबाखलाई गहन ढंगले अध्ययन गर्नु भयो । काण्टको अज्ञेयवादका विरूद्ध पनि लँडाइ लड्नु भयो । त्यस्तै गरी फायरवास का अधिभूतवादी भौतिकवादका विरूद्ध लडाइँ ...बाँकी ७ पेजमा

झर्रोटर्रो kailubraha73@gmail.com

कैलुब्राह

# विश्व आश्चर्यचकित

नेपालको विकास देखेर विश्व यति आश्चर्यचकित भयो कि, चकित पर्दापर्दै क्वै क्वै त सेन्टिफ्ल्याट नै भएछन् । यो कुरो हाम्रो देशका पर्धानमन्तरी मिस्टर उखानप्रसादले भनेका हुन् । केही दिन अगाडि उनी स्वीजरल्याण्डको डावोर्समा गएका थिए । त्यहाँ उनले आफू नेपाल मण्डलको पर्धानमन्तरी भएपछि विश्वलाई उछिन्ने गरी विकास गरेको बताएछन् । उनले आफ्नो देशको विकासको बयान गरेपछि सबै आश्चर्यचकित भएछन् । दुईत्याईको सरखार बनाएर एकै बर्खमा संसारलाई उछिन्ने गरी विकास गरेको सुनेर केहीले त सेन्टीफ्ल्याट खाएछन् । हुन पनि हाम्रो देशमा कम्ता विकास भा'को छ र ! विकासको त बयान गरिसाध्यै छैन । हजार जिह्वा भएका शेष नागले पनि बर्णन गरिनसक्ने विकास पो भा'छ त गाँठे । हिमाल, पाहाड, मधेश, तराई, डाँडाकाँडा, पाखापखेरा, देउराली भञ्ज्याङ, उकाली ओराली, कतै पनि खाली नराखेर विकासै विकास भा'को छ । हुनुपर्ने र नेपालका मनुखेलाई चाहिने भन्दा पनि बढी विकास भएकोले छचल्किएर पोखिएर काठमाण्डु खाल्टोमा त गाडी गुड्नै नसकिने भएको छ । विकासमा चिप्लिएर कति गाडि एक्सीडेन्ट भा'छन् । कहिँ त मनुखे नै विकासमा चिप्लिएर खाल्टामा जाकिएर मरेका पनि छन् । बर्खा लाग्यो भने मधेशतिर विकासे वाढिले बगाएर सयौं त के हजारौंको घरबार बगाइदिन्छ । सयौं मनुखे पर्तेक बर्ख विकासे बाढीले बगाएर स्वर्गे जान्छन् ।

बरू हाम्रो देशाँ भा'को विकासको वर्णन गर्ने मनुखे नजन्मिएर पो समस्या परेको छ । यो दुःखको कुरो हो । त्यत्रा हात्ती जत्रा पत्रपत्रिका छन्, गाउँगाउँमा एफएम रिरियो खुल्या' छन्, टिभि त्यस्तै छन्, छिचिम्रा जस्ता अनलाइन छन्, अहँ कसैले पनि विकासको पर्चार गर्दैनन् । बरू डाक्टरले गरेको भोकहडतालको कोकोहोलो मच्चाएर सरखारलाई हैरान पार्छन्, तर सरखारको राम्रो कुरो गर्दै गर्दैनन् । बिचरा पर्धानमन्तरी जाँ' गयो उतै आफैंले आफूले गरेको विकासको बर्णन गर्दै हिँड्न पर्‍या छ । विकास पनि आफैं गर, अनुगमन पनि आफैं गर, योजना पनि आफैं बनाऊ अनि पर्चार पनि आफैं गर्नु पर्दा हाम्रा उखाने पर्धानमन्तरीलाई कम्ता गारो भा'छ । यस्तो सास्ती त विश्वका क्वै पर्धानमन्तरीले पनि गर्न पर्‍या छैन । पर्धानमन्तरीले जता जाँदा पनि आफ्नो सरखारले गरेको विकासको भारी बोकेर हिँड्न पर्‍या छ ।

देशैभरका थानीय सरकारका वडावडामा वडाधिसहर्ले डोजर किनेर खेतबारी, बनजङ्गल, पाहाड कन्दरा जताततै बाटो खनेर जमीन झ्याङप्वाल पारेका छन् । पूर्व पश्चिम मेचीकाली रेल गुडिरहेका छन् । केरुङबाट काठमाण्डु हुँदै पोखरा गएर लुम्बिनीसम्म चाइनिज रेल गुडेका छन् । पर्तेक नेपाली मनुखेका घरघरमा ग्यास पाइप जोडेर चुला बालिएका छन् । कोशी, गण्डकी र कर्णालीमा पानीजहाजले सातसमुन्द्र पारीबाट मालसामान ओसारी रहेका छन् । हावाबाट बिजुली निकालेर देशै झिलिमिल पारिएको छ । उब्रिएको विजुली हावाबाटै विदेशमा लगेर बेच्ने व्यवस्था मिलाइएको छ । लाखौं मनुखेले एकै ठाउँ काम गर्ने उद्योग खोलेर धामाधम सामान उत्पादन गरिरहेका छन् । सामान विदेशमा बेचेर पर्सस्तै विदेशी पैसा देशाँ वैरको वैरेइ छ । उद्योगधन्दा ज्यादा खोलेर यहाँ काम गर्ने पालै नपाएर लाखौं पाखुरे युवा त विदेश जान पनि वाध्य भएका छन् । देशाँ रोजगार गर्ने युवाहर्को छेलोखेलो विकास भएकाले विदेश सप्लाई गर्ने काममा सरखारले पूरै दत्तचित्तका साथ काम गरिरहेको छ । उद्योगधन्दामा काम गर्ने भएकाले खेतीपाती गर्ने मनुखे नभएर बरू खेतबारी बाँझै राखेर चामल पिठो, दाल तेल, आलु प्याज गोलभैंडा लगायत सबै तरकारी छिमेकी गुज्जर भैयूयाको देशाँट मगाएर खाने गरिएको छ । निर्यात धेरै र आयात थोरै मात्र हुने भएकाले चौध खर्ब त ब्यापार नाफा नै कमाइसकिएको छ ।

भ्रष्टाचारीलाई हाम्रा पर्धानमन्तरीले देखिनसहने भएकाले उनीहरू अहिले घुस खान चटक्कै छोडेका छन् । बरू रैती मनुखेको काम गरिदिए वापतमा कमिसन खाने गरेका छन् । यसरी भ्रष्टाचार पूरै उन्मुलन भएर कमिसनतन्त्रको विकास भएको छ । चेलीबेटीहर्को बलात्कार र हत्या गर्ने कार्य पूरै रोकिएको छ । मनुखेले बलात्कार र हत्या गर्ने कार्य रोकिएको हुनाले अब बलात्कारी र हत्याराहरू राज्यले जति ठूलठूला आयोग बनाएर खोजे पनि पत्ता नलाग्ने भएको छ । भूतप्रेत र मैमसानले मात्रै बलात्कार, हत्या, लुटपाट, चोरी डकैती गर्ने भएको छ ।

चोरी, डकैती, लुटपाट गर्ने, केटाटी अपहरण गरेर फिरौती माग्नेहर्का नाइके अब सिधै मान्ये भएर संसदाँ पुगेको हुनाले त्यस्ता काम सबै रोकिएर साधूसन्तमा रूपान्तरित भएका छन् । देश पूरै विकासले गर्दा स्मार्ट बनेर जताततै स्मार्टै स्मार्ट भएको छ । त्यसैले हिमाल पहाडका कुना कन्दरा, डाँडा पखेरा, खोल्साखाल्सी, जङ्गल, भीर पहरा सबैतिर स्मार्ट नगरहर्को विकास भएकाले नगरपालिका उपमहानगर र महानगरपालिका घोषित भएका छन् । अब बिदेशी पर्यटकहर्ले नेपालमा गाउँ देख्नै पाउने छैनन् । जताततै नगर मात्रै देख्ने छन् ।

विकासको मात्रै नभएर विज्ञानको समेत यति ठूलो चमत्कार भएको छ कि यहाँका सरखारी मनुखेले त वाइडबडी नै सर्लक्कै निलिदिएका छन् । पहिला पनि लाउडा निलेकै थिए, अहिले वाइडबडी निले । अब त रकेट र अन्तरिक्ष समेत निल्न सक्ने बैज्ञानिक सरखारले आफैभित्र र बडेबडे नोकरचाकरबाट उत्पादन गरिराखेको छ ।

खेलकुदको त्यस्तै विकास भएको छ । पहिला पञ्चप्रेत र बहुदली शासनकालमा देशैभरी एउटै मात्र बीरेन्द्र रनिङसिल्ड खेलाइन्थ्यो । अहिले त राष्ट्रपति रनिङसिल्ड, पर्धानमन्तरी रनिङसिल्ड, मुख्यमन्तरी रनिङसिल्ड, मेयर र गाउँपालिकाका मुखियाहरूसम्मका रनिङसिल्डको विकास गरेर देश पूरै खेलकुद र खेलाडीमय बनाइएको छ । अब यसलाई अझै विस्तार गरेर देशभरका वडावडासम्मै फैलाएर वडाधिस र वडाका चारै सदस्यका नाउँमा पनि रनिङसिल्डको विकास गरेर पर्तेक टोलटोलसम्म र घरघरमै पर्तिस्पर्धा गराउने लक्ष्य केन्द्र, पर्देश र थानीय सरखारले लिएका छन् । यसरी खेलकुदको विकास गरेर सबै खेलका विश्वकप जति सबै नेपालमै थुपार्ने मास्टरप्लान सहित उखाने सरखार अघि बढेको छ । अन्तराष्ट्रे गोष्टीमा हाम्रा पर्धानमन्तरीले विकासको यस्तो उधुम रिपोर्ट सुनाएपछि त विश्व आश्चर्यचकित नहुने त कुरै भएन । यस्तो कुरो सुनेपछि कतिले त ठाउँका ठाउँ सेन्टीफ्ल्याट समेत खाएछन् ।

*१९ माघ २०७५*

# संसदीय व्यवस्था भ्रष्टहरूको व्यवस्था हो



सीताराम तामाङ

**भ्रष्टाचारी व्यवस्था :**

संसदीय व्यवस्था हालको दलाल नोकरशाही तथा पुँजीवादी व्यवस्था हो । यसको चरित्र अरु व्यवस्थाको भन्दा फरक हुन्छ । त्यो भनेको यो व्यवस्थाभित्र हुने भ्रष्टाचार नै हो । कम्युनिष्टहरूले घोषित रूपमा यसलाई भ्रष्टाचारीहरूको व्यवस्था भन्ने गर्दछन् । नेपालको सन्दर्भमा त यही भ्रष्टाचारी व्यवस्थामा पनि दुईतिहाइ बहुमत लिएर आफूलाई कम्युनिष्ट भन्ने पार्टीहरू नै सत्तामा पुगेका छन् । दुईतिहाइ बहुमत लिएर सरकारमा पुगेपछि उनीहरूको दम्भको सीमा नै रहेको छैन । हुन त उनीहरूले 'समृद्ध नेपाल र सुखी नेपाली'को नारा दिएका छन् । तर व्यवहारमा भने कंगाल नेपाल र दुःखी नेपाली बनाउँदै लगेका छन् । हालसम्म उनीहरूले गरेका कामहरूले नेपालीहरूलाई खाडलमा हाल्ने दिशातिर लगिरहेको छ । हिजो नेपालीहरूले राष्ट्रवादको नाममा उनीहरूलाई भोट दिए । त्यतिबेला उनीहरूले राष्ट्रवादको रंग प्रयोग गरेका थिए । त्यो आज जनताका सामु छर्लङ्ग भइसकेको छ । नेपालको राष्ट्रियता पनि डुब्दै गइरहेको छ । कालापानीदेखि लिपुलेकसम्मको भूभाग भारतले मिचिसकेको छ । त्यही सीमा मिचिएको नक्सा प्रधानमन्त्रीलगायतका राज्यसत्ताका सबै अंगहरूमा टाँगिएको छ । यसलाई उनीहरूले राष्ट्रवादको नाम दिइरहेका छन् ।

देशमा शान्तिसुरक्षा पनि छैन । हत्या, हिंसा र बलात्कारका घटनाहरू बढिरहेका छन् । सुन तस्करीका कुराहरू आइरहेका छन् । प्रहरीले सुन भेट्टाएको कुरा गर्ने तर सरकारकहाँ पुग्दा त्यो पित्तल भएको भनी सार्वजनिक गर्ने चलन बढेर गएको छ । यी सबै कुराहरूले देशलाई रसातलमा पुऱ्याउने काम भइरहेको छ । देश अहिलेसम्मकै सबैभन्दा गम्भीर समस्यामा फसेको छ । राष्ट्रियता, जनतन्त्र र जनजीविकाका हिसाबले देश सबैभन्दा कमजोर बिन्दुमा आइपुगेको छ । आर्थिक हिसाबले निकै नाजुक अवस्थामा आइपुगेको छ । राजनीतिक हिसाबले दलहरूले आफ्नो वैचारिक स्वत्व गुमाएका छन् । अहिले संसदीय व्यवस्था भनेको भ्रष्टाचारी व्यवस्था नै हो भन्ने कुरा प्रमाणित भएको छ ।

यसमाथि आफै त भ्रष्टाचारी व्यवस्था त्यसमाथि दुईतिहाइको दम्भले गर्दा सरकारले कुनै पनि सुझाव र गुनासा आलोचनालाई सम्बोधन गर्ने वा पचाउने गर्न सकिरहेको छैन । यसले देशलाई गहिरो खाडलतिर धकेलिरहेको छ । सरकार बनेको पहिलो वर्षमै यति बिकराल समस्याहरू देखिएका छन् भने अबका चार वर्षमा यी समस्याहरू संकटको उत्कर्षमा पुग्ने देखिन्छन् । यो अवस्थाबाट मुलुकले पार पाउनु निकै गाह्रो छ ।

**जनपक्षीय शक्तिको भूमिका**

नेपालमा र विश्वमा पनि मानिसहरू प्रायः भ्रममा बाँचेको देखिन्छ । यो भ्रम सबैभन्दा बढी राजनीतिकवृत्तबाट छरिने गरिएका पाइन्छ । राजनीति आफैमा सर्वसाधारण जनताले सम्म थाहा पाएको विचारको कुरा हो । तर त्यही विचार जो भ्रमात्मक रुमा छरिने गरिन्छ त्यसैलाई पछ्याएर जनता रुमलिने गर्छन् । जनतालाई थाहै छ, कांग्रेस र एमाले जनपक्षीय शक्तिहरू होइनन् । तर, कांग्रेसका विरुद्ध एमालेलाई एमालेका विरुद्ध कांग्रेसलाई किन भोट दिन्छन् ? यसको पछाडि हेर्दा जनपक्षीय शक्तिहरू अत्यन्त कमजोर हुनु र बेथिति भएको व्यवस्थाका विरुद्धमा सशक्त विकल्पका रूपमा उपस्थित हुन नसक्नु नै प्रमुख कारक बन्न गएको छ ।

त्यसैले जनताले गाली पनि उनीहरूलाई गर्ने र भोट पनि उनीहरूलाई नै दिने गरिरहेका छन् । त्यो जानीबुझी नेपाली जनताले विकल्प विहीन अवस्थामा दिने गरेका हुन् । त्यो विकल्प दिनका लागि स्पष्ट विचारसहित जनपक्षीय शक्तिहरू एक ठाउँमा आउन जरुरी हुन्छ । ती सबै एकै ठाउँमा उभिने एजेण्डा भनेका राष्ट्रियतासँग जनताको शासन व्यवस्थासँग र जनताका जनजीविकाका विषयहरूसँग जोडिएका कुराहरू नै हुन् । नेपाली जनता नेपाली हुनुमा गर्व गर्छन् र नेपाली राष्ट्रियताका लागि एकताबद्ध हुन्छन् । तथापि देश र जनताका पक्षमा काम गर्ने जनपक्षीय शक्तिहरू छरिएर निकै कमजोर अवस्थामा रहेका छन् । यही कारणले हामीले जनताको अपेक्षा पूरा गर्न सकिरहेका छैनौं ।

तथापि हाम्रो प्रयास ती शक्तिहरूलाई एक ठाउँमा ल्याउने प्रयास गरिरहेका छौं । यो नेकपा (क्रान्तिकारी माओवादी)को नेतृत्वमा अघि बढिरहेको छ । एकताकै प्रयास भइरहँदा एकता असम्भव भए पनि ध्रुवीकरणको प्रक्रियालाई अगाडि बढाइरहेका छौं । अहिले त्यो कार्यगत एकताको रूपमा पनि अघि बढिरहेको छ । यसको एक मात्र उद्देश्य भनेको वैकल्पिक शक्ति तयार गर्नु हो । हाम्रो पार्टीले देशले चाहेको विकल्प दिन प्रयास गरिरहेको छ ।

**भ्रममुक्त हुने सवाल**

धेरै मानिसहरूलाई डबल नेकपा कम्युनिष्ट पार्टी होइन र नेपाली कांग्रेस प्रजातान्त्रिक पार्टी पनि होइन भन्ने थाहा छ । तर पनि धेरै जनताले उनीहरूलाई छोड्दैन । यसको कारण विकल्प नहुनु नै हो । र अर्को कुरा एउटा भ्रम सकिएछ भने अर्को भ्रम सिर्जना गर्ने गर्दछन् । उनीहरूसँग भ्रम पार्ने सक्ने केही कुराहरू जोडिएका पनि छन् । पहिलो कुरा उनीहरूको सशक्त विकल्प छैन । उनीहरू सत्तामा छन् । संविधान निर्माण गरेका छन् । ऐन कानुनहरू बनाएका छन् र देशका विभिन्न शक्ति र राज्यका अंगहरू उनीहरूले नै परिचालन गरिरहेका छन् । राष्ट्रिय रूपमा उनीहरू मूल धार बनेर बसेका छन् । र अन्तर्राष्ट्रिय रूपमा पनि उनीहरूले मान्यता पाएका छन् । यसका साथै संसदीय खेलमा उनीहरू माहिर छन् । कम्युनिष्टको मान्यताअनुसार संसदीय व्यवस्था मान्ने कुनै पनि पार्टी कम्युनिष्ट पार्टी हुन सक्दैन ।

धेरै मानिसहरू आ-आफ्नो फाइदा र घाटानाफाका लागि सत्तासँग नजिक हुने र सहकार्य गर्ने गरिरहेका छन् । देशको बजेट आफ्नो पक्षमा परिचालन गर्नको लागि उनीहरू मरिमेटेर लागेका छन् । यिनै कुराहरूलाई चिरेर अघि बढ्न नेकपा (क्रान्तिकारी माओवादी)ले चाहिरहेको छ । विचारका हिसाबले वर्तमान सत्ता र प्रतिपक्षीमा बसेका संसदीय पार्टीहरूको जतिसुकै विरोध र खण्डन गरे पनि सशक्त विकल्पसहित अघि नबढ्दासम्म यो समस्याको हल हुने देखिन्न । दस्तावेजकै हिसाबले हेऱ्यौं भने डबल नेकपाको दस्तावेजमा राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्याहरूको बारेमा कतै पनि उल्लेख गरेको पाइदैन ।

बरु तिनीहरूको कार्यक्रममा माफिया, भ्रष्ट, तस्कर, विचौलिया र एनजीओ/आइएनजीओहरूको कार्यक्रम रहेको छ । उनीहरू सबै वर्ग उत्थान भएर नवधनाढ्यमा रूपान्तरण भएका छन् । यिनै विधान, नीति तथा कार्यक्रमहरूले कहिल्यै पनि सर्वसाधारण जनताका हकहितका कुरा उठाउन सक्दैनन् । उनीहरूले कर्पोरेट फार्मिङ, कर्पोरेट इण्डष्ट्री आदिलाई बढावा दिएर राष्ट्रिय पुँजी र उद्योगधन्दा धराशायी पार्दै छन् । त्यसैले यी सबै कार्यक्रमहरू दलालीका कार्यक्रमहरूमा पर्दछन् । विदेशीहरूले यही दलाली प्रवृत्तिबाट धेरै फाइदा लिएका छन् ।

# हामीले गरेका जनकारबाही सांकेतिक मात्र हुन्



***❑ अमिर महर्जन, संयोजक– क्रान्तिकारी युवा लिग, नेपाल***

***भ्रष्टचारीहरूमाथि कारबाही थालेसंगै अहिले क्रान्तिकारी युवा लिग चर्चामा छ । काठमाण्डौ र सुर्खेतमा गरिएको कारबाही बारे केही बताइदिनुस् न ।***

ठीक हो, क्रान्तिकारी युवा लिग जस्तो राष्ट्रिय स्वाधीनता, जनतन्त्र र जनजीवीकाको पक्षमा निशर्त र निरन्तर संघर्ष गर्ने संगठन चर्चामा आउनु राम्रो कुरा हो । साथै म ती साथीहरू, जसले भ्रष्टाचारीहरूमाथि कारबाही गरे ती साथीहरूलाई स्याल्युट टक्र्याउन चाहन्छु । काठमाडौमा गरिएको कारबाही भनेको नेपाल वायु सेवा निगमका महाप्रबन्धक सुगतरत्न कंसाकार माथि हाम्रो संगठनको ३ नं. प्रदेश कमिटीले कालोमोसो दलेको घटना भन्नुभएको होला, त्यस सम्बन्धमा संसदीय उपसमितिले तयार गरेको वाइडवडी प्रकरणमा भएको अनियमिततासम्बन्धी बुझाएको प्रतिवेदनमा दोषि ठहर गरिएका व्यक्ति मध्येका हुन् ।

त्यस प्रतिवेदनले किटान गरेका दोषीहरूलाई कारबाही गर्नुको साटो सत्ताको आडमा प्रधानमन्त्रीबाट नै त्यो प्रेतिवेदनको औचित्य नरहने गरी छुटै छानबिन समिति गठन गरेर दोषीहरूलाई जोगाउने तरखरमा लागेकाले आम नेपाली जनताको असन्तुष्टीका रूपमा यो कारबाही भएको हो । आजसम्म आउँदा यो सही साबित भएको पनि छ । त्यस्तै गरी सुर्खेतमा भएको कारबाही पनि सुर्खेत जिल्ला मालपोत कार्यालयका सूचना अधिकृत नरबहादुर घर्तीलाई हाम्रो संगठनको सुर्खेत जिल्ला समितिले कालोमोसो दलेको हो । मालपोत कार्यालयमा सर्वसाधारण नागरिकलाई अनाहकमा दुःख दिने, आर्थिक अनियमितता गर्ने काममा उनको संलग्नता रहेको स्थानीय जनताको गुनासोका आधारमा गरिएको हो ।

***थुप्रै अध्ययनले समेत पुष्टि गरिसकेको छ कि नेपालमा भ्रष्टाचार राजनीतिक संरक्षणमा हुने गरेको छ । राजनीतिक नेतृत्वलाई कारबाही नगरेर कर्मचारीलाई गरियो भन्ने पनि आरोप छ नि, के भन्नुहुन्छ ?***

यो कुरा साँचो हो कि नेपालमा भ्रष्टाचार राजनीतिक संरक्षणमा हुने गरेको छ । हाम्रो संगठनले सुगतरत्न कंसाकारलाई दलेको कालोमोसो सांकेतिक भनेका छौं । त्यस कारबाहीलाई वाइडबडी प्रकरणमा संलग्न सबै अभियुक्तहरू र त्यो राष्ट्रघाती प्रकरणलाई ढाकछोप गर्ने सबै नेता तथा व्यक्तिहरूप्रति पनि लक्षित छ । फेरि कंसाकार मात्र भष्टाचारी हो, जसलाई हामीले कारबाही गर्यौ, त्यो पनि त होइन । नेपालमा भ्रष्टाचार र कमिशन व्याप्त भएको छ । स्थानीय निकायदेखि मन्त्रालयसम्म, विभिन्न संस्थानहरू, निजामती क्षेत्र, न्याय क्षेत्र, पुलिस प्रशासन आदिमा अनियमितता भएकै छ । यी सबको मियो त सत्ता नै हो र सत्ता सञ्चालन गर्ने राजनीतिक दलका नेता नै हुन् । यी कुरा भनिरहँदा सबै कर्मचारी, नेता, न्यायधीश, पुलिस भ्रष्टाचारी तथा कमिशनखोर पनि होइनन् । जो अरुका गलत क्रियाकलापका कारण विनाकारण उनीहरूमाथि पनि लान्छना लाग्ने गरेको छ । त्यसैले हामीले गरेको कारबाही ती इमान्दार कर्माचारीको पक्षमा हो भन्ने जानकारी पनि गराउन चाहन्छु । नेपालमा ३३ किलो सुन तस्कर भएको सुनिन्छ, ठुलामाछा कहिले हातमा पर्दैन । निर्मला पन्त बलात्कृत हुन्छिन्, पुलिसले नै सबुत मेटाइदिन्छ र दोषी कहिले पत्ता लाग्दैनन् । यी सबै घटनामा राजनीतिक नेतृत्व र कर्मचारीहरूको मिलिमतो देखिन्छ हामीले कर्माचारी मात्र होइन, दलाल राजनीतिक नेताहरूलाई पनि कालोमोसो दल्न तयार छौं ।

***यस्तो कारबाहीलाई व्यापक बनाउनु पऱ्यो भन्ने सार्वजनिक माग एकातिर देखिन्छ भने अर्कोतिर कानुन आफ्नो हातमा लिएर कारबाही गरेको आरोप पनि छ नि के भन्नुहुन्छ ?***

आम नेपाली जनताको चेतनाको प्रतिविम्बका रूपमा नै यो कारबाही भएको हो, कि कति चुप लागेर बस्ने ? भ्रष्टचारीले भ्रष्टाचार गरिरहने, तस्करले तस्करी गरिरहने, महिलामाथि अन्याय भइरहने र राज्यले तिनै भ्रष्टचारी, तस्कर, मफिया, बलत्कारीलाई संरक्षण गरिरहने हुँदा जनताले सरकारभन्दा बाहिरका विद्रोही तथा वैकल्पिक शक्तिसँग आशा राख्नेखालको परिस्थिति बन्नु आवश्यक तथा अनिवार्य नै हो । यस्ता कारबाहीलाई कानुन आफ्नो हातमा लिएको भन्ने नै हो भने दोषीमाथि राज्यले कारबाही सशक्त रूपले गर्न सक्नुपर्दछ । त्यसो भएको पाइँदैनौ । त्यसैले अब क्रान्तिकारी युवा लिगले मात्र भ्रष्टचारी, ब्यभिचारी, तस्कर तथा माफियालाई कारबाही गर्नुपर्छ भन्ने पनि त होइन । बरु आम जनताको स्तरबाट स्थानीय निकायदेखि राज्य र समाजमा हुने अनियमितताको विरोधमा उत्रिनु पर्छ र आम जनताको साथमा हाम्रो संगठन दह्रोसंग उभिने छ ।

***तपाईहरूले प्रतिरोध संघर्ष अगाडि बढाउँदै जाँदा राज्य दमनमा उत्रन र धरपकड गर्ने तयारीमा रहेको देखिन्छ । त्यसको प्रतिरक्षा तथा प्रतिरोध कसरी गर्नुहुन्छ ?***

समाजमा अन्याय अत्याचारका विरोधमा आवाज उठाउँदा राज्यले दमनको नीति अख्तियार गर्छ भने त्यसको प्रतिरोध अवश्य पनि गरिन्छ । त्यसलाई प्रतिरोध संघर्षसम्म उठाइन्छ पनि । अहिले हामीले गरेको कारबाही भनेको सांकेतिक मात्र हो । कयौं भ्रष्टाचारीहरू अझैं बाँकी छन् । यही प्रक्रिया रहने हो र भ्रष्टाचारीलाई कारबाही गर्नुको साटो हामीलाई धरपकड गर्न थाल्ने हो भने त्यसको प्रतिरोधमा हामीले उठाएका संघर्षका कदमहरूलाई वर्ग संघर्षका रूपमा अघि बढाउने छौं । गाउँगाउँ र सहरमा पनि यी भ्रष्टाचारीविरुद्ध तल्लो निकायसम्म गएर हाम्रा गतिविधिलाई आमजनसमुदायको साथ लिएर तिव्रता दिने छौं ।

***भ्रष्टाचारीहरूमाथि कारबाही बाहेक अन्य के कस्ता योजना तथा कार्यक्रम छन्, क्रान्तिकारी युवा लिगका ?***

यी कारबाही बाहेक हामीले बेरोजगार युवाहरूको रोजगारीको ग्यारेण्टीका लागि आवाज उठाउँदै आएका छौं । त्यसै क्रममा १, २, ३, ४ र ५ नं प्रदेशमा प्रदेश सरकारलाई तत् कमिटीमार्फत् ज्ञापनपत्र बुझाइसकेका छौं । यही प्रक्रियामा जिल्ला जिल्लामा बेरोजगार युवाहरूको हस्ताक्षर संकलन गर्ने काम पनि जारी नै छ । त्यसैले आम बेरोजगार युवाहरूले उक्त हस्ताक्षर संकलन अभियानलाई सहयोग गर्न पनि अनुरोध गर्दछौं । बेरोजगारी युवाहरूको मागलाई लिएर सशक्त कार्यक्रम ल्याउँदै छौं । त्यस्तै गरी नेपालको सीमा मिच्ने जस्ता भारतीय विस्तारवादका विरुद्धमा आवाज उठाउनुका साथै दलाल नेताहरूको राष्ट्रघाती कदमको विरुद्धमा संघर्ष गर्ने क्रममा सरकारी निकायमा राखिएको नेपालको मिचिएको भूमि नभएको नक्सा अनुगमन गर्ने काम भएका छन् । ती सच्याउनका लागि अनुरोध पनि गरिएको छ । अबको अनुगमनमा अनुरोधले मात्र पुगेन भने थप अरु कार्यक्रमहरू ल्याउनु पर्ने हुनसक्छ । साथै खेलकुदको क्षेत्रमा पनि हाम्रो संगठनले गहिरो गरी अध्ययन गरिरहेको छ ।

***नेपालमा भ्रष्टाचार र अनियमिततालाई खतम पार्न के गर्नुपर्ला ?***

नेपालमा हुने भ्रष्टाचार, अनियमितता तथा राष्ट्रघाती कदम, अन्याय, अत्याचार, शोषण उत्पीडन अब सहेर बस्नु हुन्न । त्यस्ता गलत क्रियाकलापका विरुद्धमा संघर्ष गर्न तयार हुनु अनिवार्य बनेको छ । आज तपाई हामीले यो काम गरेनौ भने हाम्रा सन्ततीले यसको जाँतोमुनि पिल्सिने छन् । यो अरुबाट आशा गरेर होइन, आफैबाट सुरु गरेर मात्र हुनेछ । वास्तवमा नेपालको सामाजिक आर्थिक संरचना र उत्पादन सम्बन्ध अर्धसामन्ती, अर्धऔपनिवेशिक तथा नवऔपनिवेशिक अवस्थामा रहेको र दलाल तथा नोकरशाही पुँजीवादी व्यवस्था भएको हुँदा, यसले तिनै वर्गको सेवा गर्छ र भ्रष्टाचारी, तस्करी, माफियालाई संरक्षण गर्नुको साथै तिनीहरू सँगको मिलिमतोमा दलाल नेताहरूले अकुत सम्पत्ति आर्जन गर्दछ । त्यसैले यो दलाल तथा नोकरशाही पुँजीवादी व्यवस्था रहेसम्म भ्रष्टाचारको अन्त्य हुनेवाला छैन, त्यसको विकल्प भनेको नयाँ जनवादी व्यबस्था निर्माण गर्नु हो ।

***देश विदेशमा रहेका आम युवाहरूलाई के आह्वान गर्नु हुन्छ ?***

युवाहरू देशका कर्णधार हुन् किनभने यो उत्पादनका साधन मुख्यतः उत्पादक शक्ति श्रमशक्ति हो । युवाको मेहनेत र परिश्रमबाट उत्पादन प्रक्रिया मार्फत् राष्ट्रिय पुँजीको निर्माण हुन्छ । युवाहरू देशका लागि मर्न कत्ति पनि हिच्किचाउँदैनन् अर्थात् दुश्मनसंग नझुकी लड्न तयार हुन्छन् । युवामा नै नयाँ कुराहरू ग्रहण गर्ने क्षमता सबैभन्दा बढि हुन्छ । रूपान्तरण हुनसक्ने लचकता हुन्छ । तर हामी युवाहरूमा अहिलेको व्यवस्थाले गर्दा देशका लागि लड्नेभन्दा राष्ट्रिय आत्मसमर्पणवादी चिन्तन हाबी भएको छ । भएका गलत गतिविधिका विरुद्ध अरुले नै लडिदियोस् भन्ने जस्तो छ ।

युवाहरूले भविष्यको सपना विदेशमा देख्न थालेका छन् । यहाँ विकराल बन्दै गएको बेरोजगारीको समस्याको विरुद्धमा संघर्ष उठाउन युवाहरू तयार भइरहेको छैन । ब्रिटिश आर्मी बन्न तयार छ, भारतका आर्मी बन्न तयार छ उनीहरूको लागि लडन तयार छ । तर नेपालको सीमा मिचिँदा युवा लड्न तयार भएको देखिएको छैन । अब यसलाई सही दिशामा ल्याउनु पर्छ र युवाहरू विदेश जाने होडवाजीमा लाग्नबाट देशको रक्षा गर्नतिर लाग्न प्रेरित गर्नुपर्छ । स्वदेशको उत्पादन प्रक्रियामा सहभागी हुनुले मात्र देशमा आत्मनिर्भर अर्थतन्त्र निर्माण हुन सक्दछ । साथै, विदेशमा रहेका युवाहरू स्वदेशमा फर्किनु पर्दछ । जुन ब्यवस्थाले हाम्रो अवस्था दयनिय बनाएको हो, त्यसका विरुद्ध संघर्ष गर्न पनि हाम्रो संगठन अपिल गर्दछ ।

***अन्त्यमा छुटेका केही विषयहरू राखिदिनुस् न ।***

अन्तमा राष्ट्रियता, जनतन्त्र र जनजीविकाको सवालमा देशभक्त, गणतन्त्रवादी तथा साम्राज्यवादविरोधी युवाहरू एकजुट भएर संघर्षमा जुट्नु पर्दछ । नेपालमा नयाँ जनवादी ब्यवस्था स्थापनाको तयारीमा लाग्नु पर्दछ । यसबाट नै समाजवाद हुँदै मानव सभ्यताको स्वर्णिम समाज साम्यवादसम्म पुग्न सकिन्छ भन्ने दृढविश्वास युवापंक्तिले कायम राख्न जरुरी छ भन्न चाहन्छु ।

# ओलीको 'डाभोसको माम' र दाहालको 'भेनेजुएली बम'



काठमाडौं । विश्वका अति विशिष्ट संभ्रान्तहरूको प्रत्येक वर्ष हुने डाभोस सम्मेलनमा नेपालका प्रम ओलीले 'मागेको माम' नपाक्दै सत्ताधारी सोही पार्टीका अध्यक्ष पुष्पकमल दाहालले 'भेनेजुएली बम' प्रहार गरिदिएका छन् । यसले सत्ताधारी पार्टी र उसको दुईतिहाई बहुमतको सरकारमा अन्यौलता सिर्जना गरेको छ । बाहिर त्यति नआए पनि भित्रभित्र भने भुसको आगो झैं यो विवाद सल्किएको छ ।

पार्टीका प्रवक्ता नारायणकाजी श्रेष्ठले अधयक्ष दाहालको विज्ञप्ति आधिकारिक हुने र सो अनुरूप सरकारले यही नीतिलाई अंगीकार गर्नुपर्ने बताइरहेका छन् । तर सरकारका प्रवक्ता समेत रहेका सूचना तथा सञ्चार मन्त्री गोकुल बास्कोटाले यसलाई जस्ताको तस्तै सरकारले अघि बढाउन नसक्ने र भाषा फरक पर्ने र पारिने कुरामा जोड दिएका छन् । नेपालले हालसम्म अंगीकार गरिरहेको असंलग्न परराष्ट्र नीतिको प्रयोगलाई निरन्तरता दिने आशयका साथ दाहाल विज्ञप्ति आएको छ । यो नीतिअनुसार कुनै पनि एक सार्वभौम राष्ट्रले अर्को सार्वभौम राष्ट्रको आन्तरिक मामलामा हस्तक्षेप गर्ा पाउँदैन र गरेका त्यसको विरोध गरिन्छ । अहस्तक्षेपको नीति नै असंलग्न परराष्ट्र नीति हो ।

तर नेपालमा ओली सरकार आएदेखि अन्तर ाष्ट्रिय संघसंस्थाका विवादित कार्यक्रमहरूमा भाग लिने, होली वाइनले शरीर शेचन गर्ने, क्रिष्चियनको 'ब्याप्टिज्म' पुनर्मन्ममा विश्वास गरी नाङ्गै भएर नुहाई होली वाइन शीरबाट खन्याउने, सिंहदरवारको प्रधानमन्त्रीको कार्यालय नै होटेल सोल्टीमा सारी त्यहीबाट सरकारी कामकाज चलाउने सम्मका बेथितिहरू गरिरहेको छ । यी सबै कार्यहरू नेपालको असंलग्न परराष्ट्र नीति विरुद्धमा छन् ।

प्रम ओली स्विट्जरल्याण्डको ड्याभोसमा हरेक वर्ष हुने अति धनाढ्य तथा संभ्रान्तहरूको आर्थिक सम्मेलनमा भाग लिई नेपालमा लगानी गर्न हारगुहार गरेर स्वदेश नफर्कँदै सत्ताधारी पार्टीका अध्यक्ष दाहालले भेनेजुएलामाथि अमेरिकी हस्तक्षेपको विरोधमा विज्ञप्ति जारी गरेका छन् । ड्याभोस सम्मेलन आफैमा एक आर्थिक फोरमको रूपमा परिचित छ ।

ओली ड्याभोसमा सहभागी भएर चीन घेर्ने पश्चिमाहरूको रणनीतिमा मञ्जुर भएर आएको कुरा चर्चामा आउन थाल्ने बित्तिकै यता दाहालले भेनेजुएलमाथि अमेरिकी हस्तक्षेपको कडा निन्दा गर्न पुगेका छन् । बाहिर जे होला, त्यो भिन्दै कुरा हो, तर घरेलु रूपमा दाहालको विज्ञप्तिले ओलीको ड्याभोस सहभागितालाई जरैदेखि उडाइदिएको छ ।

# वीपीको आदर्शबाट च्युत नेपाली कांग्रेस



काठमाडौं । नेपाली कांग्रेसले सडकमा होस् या सदनमा कुनै पनि एजेण्डा उठाउन सकिरहेको छैन । के नेपाली कांग्रेस एजेण्डाविहीन छ ? यसले उठाउने एजेण्डा केही पनि छैनन् ? यो सर्वसाधण जनताको प्रश्न हो । भएको पनि छ यस्तै । नेपाली कांग्रेसका भ्रातृ संगठनहरू नेपाल विद्यार्थी संघ र तरुण दल पनि एजेण्डाविहीन बनेका छन् ।

शुक्रवार सिंहदरवारको मूल गेट अगाडि विरोध प्रदर्शनमा उत्रिएका नेपाली कांग्रेसनिकट विद्यार्थी संगठन नेविसंघले सिंहदरबारको मुल गेटमा सरकारविरुद्ध प्रदर्शन गर्‍यो । यो प्रदर्शन रोमाञ्चकारी भन्दा कम वैचारिक तथा कम कार्यक्रमिक रह्यो । बेलुनमा सरकारविरुद्ध नारा लेखेर सिंहदरबार अगाडिबाट उडायो । तर नाराहरूले निर्मला पन्तको हत्याराको खोजी र डा. केसीको जीवन रक्षाको कुरालाई मात्र प्राथमिता दिए । भ्रष्टाचार नियन्त्रणको कुरा र नारा पनि उठाइएका थिए, तर देउवा स्वयम् वाइडबडी काण्डमा मुछिएकाले यो उनीहरूका लागि घाँडो साबित भएको छ ।

कांग्रेसले जनवर्गीय संगठनहरूको काँधमा राखेर उठाओस् वा आफैले बोकेर, नाराहरू जनताका मन मस्तिस्क छुने खालका छैनन् । कांग्रेसका नाराहरूले न त देशलाई संबोधन गर्छ, न त देशका जनतालाई ? बरु थप निराशा ल्याइदिन्छ । यसको अर्थ नेकपाको दुईतिहाईको सरकार निकै देश तथा जनप्रेमी छ भन्ने पनि होइन । तर कांग्रेसको हालत निकै खराब छ ।

पहिलो कुरा, यसले आफ्नो प्रजातान्त्रिक समाजवादको नारा भुलेको छ । यसले गर्दा उसलाई दलालको कोटीमा गिराएको छ । प्रजातान्त्रिक समाजवादको नारा देश र जनताका समस्याहरूसँग जोडिएका नाराहरू हुन् । वीपीको निधनपछि यसलाई हालको कांग्रेसले तिलाञ्जली दिएको छ । यो नारा बिर्सनु र छाड्नुका कारणले कांग्रेस कांग्रेसका वैचारिक तथा अग्रगामी नाराहरू स्वतः समाप्त भएका छन् । देश र जनताले अग्रगामी निकास खोज्ने, तर नेपाली कांग्रेसमा यो बुझाइ नहुने भएकाले यसका कामहरू तथा विरोधहरूमा प्रभावकारिता आएको पाइँदैन ।

कुरा उठायो र सडकमा आयो भन्नेले मात्र केही तात्विक फरक पार्दैन । के कुरा वा एजेण्डा उठायो र कुन प्रक्रियामा सडकमा आयो भन्ने कुरा निकै महत्वको हुन्छ । नेपालीहरू कुनै असफल शासनको निरन्तरता वा त्यही असफल शासनका दुईतीनवटा उत्तराधिकारी रहेको चाहँदैनन् । यो नेपाली कांग्रेसले बुझ्नुपर्छ ।

दोस्रो कुरा नेपाली कांग्रेसमा पुस्ता ग्याप छ । तर योसँगै जोडिएको कुरा के हो भने दोस्रो पुस्तामा पनि वैचारिक नेतृत्वको अभाव छ । गगन थापाहरू नेतृत्वको खोजी त गर्ने तर विचारको विकास गर्न नसकेका दोस्रो पुस्ता हुन् । विचारसँग यिनीहरूको त्यति चासो र लगाव पनि देखिदैन । बरु अलि बढि 'क्यारिरिष्ट' र महत्वाकांक्षी देखिन्छन् । सिंगो कांग्रेस विचारमा धमिरा लागेको पुरानो पार्टी देखिन्छ ।

अर्को महत्वपूर्ण कुरा, नेपालमा राजा संवैधानिक वा शक्तिशाली रहँदाका बखत नेपाली कांग्रेसले लिएको राष्ट्रियतासम्बन्धी अडान नेपालमा हाल गणतन्त्र आइसक्दा पनि त्यसको बारेमा बोलेको छैन । राजनीतिक परिस्थिति परिवर्तन भइसकेको छ, राजसंस्था नै फ्याँकिएको छ पनि । तर नेपाली कांग्रेसले यसका बारेमा कुनै पनि धारणा प्रस्तुत गरेको छैन । राष्ट्रियताका बारेमा कांग्रेस अझै पनि मौन छ । नयाँ विचारको विकास भएको पाइँदैन ।

सत्ता सञ्चालनका नयाँ विधि र तरिकाहरू पनि नेपाली कांग्रेसका छैनन् । वीपीको आदर्शबाट च्यूत भइसकेको कांग्रेस अब घर न घाटको भइसकेको छ ।

# डा. केसी र सरकार संसदीय सिक्काका दुईपाटा



काठमाडौं । आमरण अनसन बसेका प्रा.डा. गोविन्द केसीले २४ औं दिनमा आफ्नो अनसन तोडे । यो सरकारको पहलमा नभएर स्वतन्त्र व्यक्ति तथा व्यक्तित्वहरूको पहलमा गरियो । यसका पछाडि दुईतिहाईको सरकार र अनसन बसेका केसीका आआफ्ना मागहरू जस्ताको तस्तै छन् । उनीहरूका हठ र दावाहरू पनि आआफ्ना ठाउँमा छन् ।

तर यी दुवैमा कसैको जीत भएको छैन । यस पटकको अनसनकारी र अनसनविरोधी दुवैको हार भएको छ । जनताले दुवैलाई साथ दिएका छैनन् । सरकारलाई त यदि मत नै फिर्ता लिन सकिने संवैधानिक अधिकार जनतालाई हुने थियो भने यो दुईतिहाईको सरकार गठन भएको पाँच महिनादेखि एकदिन पनि पछि रहने नै थिएन । तर संवैधानिक प्रावधान यस्तो खाले छैन ।

सरकार निकै अलोकप्रिय र घृणाको विषय बनेको छ जनताको माझमा । प्रतिपक्षी नेपाली कांग्रेसको विचार र कार्यक्रममा निकै कमजोर छ । यसप्रति जनताको न त आकर्षण छ, न त विश्वास नै । यस्तो बेलामा केही सामाजिक तथा शैक्षिक मुद्दाहरू, जो वर्तमान सरकारका कार्यक्रमका तुलनामा केही जनपक्षीय थिए, मा जब केसीले द्वन्द्व कालीन मुद्दा मिसाएर जनविरोधी र पश्चिमा शक्तिहरूकै भरिया वा अर्को दलालका रूपमा देखा परे, उनका अगाडि आमरण अनसनबाट पछि हट्नुको विकल्प रहेन ।

जनताले स्पष्ट रूपमा देख्न पुगे- एकातिर दलाल सरकार र अर्कोतिर अर्का दलाल व्यक्तित्व । जनताको समर्थन नभएपछि न त सरकार तिरको न त केसीतिरको तराजुको पलना नै भारी हुन गयो । उनीहरू दुवै पछि हट्न बाध्य भए । दुबै हारे । सरकारले केसीको माग पुरा भइसकेको छली कुरा गर्न थाल्यो भने केसी र उनका पक्षधरहरूले मानवता र मानवीय समवेदनाका कुरामा केसीका मागहरूको आवरण दिँदै लिपापोती गर्न थाले ।

यी सबैको पछाडीको मुख्य कुरा भनेको यी दुवै, सरकार र केसी, एउटै संसदीय व्यवस्थाका दुई पाटाहरू मात्र हुनु र कुनै तात्विक अन्तर नहुनु नै हो ।

## क्रान्तिकारी...

घरमा शनिबार सम्पन्न अधिवेशनले कमरेड पूर्णको नेतृत्वमा ३५ सदस्यीय जिल्ला समिति निर्वाचित गरेको छ । निर्वाचित कमिटीको पहिलो बैठकले ११ सदस्यीय जिल्ला सचिवालय गठन गरेको छ । बैठकले एम गुरुङको संयोजकत्वमा पाँच सदस्यीय पार्टीको जिल्ला सल्लाहकार समिति समेत गठन गरेको पार्टी केस तथा जिल्ला इन्चार्ज निलबहादुर पुनले जानकारी दिए ।

क्रान्तिकारी माओवादीका स्थायी समिति सदस्य कमरेड गौरवको प्रमुख आतिथ्यतामा सम्पन्न अधिवेशनमा पार्टी पोलिटब्यूरो सदस्य कमरेड केवि परियार, पार्टी केन्द्रीय सदस्य तथा कास्की इन्चार्ज कमरेड आर थापा, पर्वत जिल्ला इन्चार्ज कमरेड टि पौडेललायतका नेताहरूको अतिथिको रूपमा उपस्थिति रहेको थियो ।

निवर्तमान सेक्रेटरी निलबहादुर पुनको अध्यक्षतामा सम्पन्न अधिवेशनको सञ्चालन गुञ्जबहादुर घर्तीले गरेका थिए भने स्वागत हेमन्त घर्तीले गरेका थिए । प्रमुख अतिथि, अतिथिहरूले अधिवेशनको सफलताको शुभकामना तथा नवनिर्वाचित कमिटीलाई बधाई दिएका थिए । "राष्टिय स्वाधीनताको रक्षा गरौं ! पहिचानसहितको संघीय जनगणतन्त्रको स्थापना गरौं !!" भन्ने मूल नारासहित सम्पन्न अधिवेशनमा जिल्लाभरिबाट प्रतिनिधि पर्यवेक्षक लगायत जनसमुदायको समेत भव्य उपस्थिति रहेको थियो ।

यसैबीच, अधिवेशनको केही दिनअघि युवा व्यावसायी तथा पूर्व माओवादी केन्द्र बागलुङका जिल्ला सदस्य गोविन्द काला मगरको नेतृत्वमा ५० जनाभन्दा बढी नेता कार्यकर्ताहरू क्रान्तिकारी माओवादीमा प्रवेश गरेका थिए ।

## प्रहरी अवरोध...

गर्दै नयाँ जनवादी क्रान्तिको दिशामा अगाडि बढौं !, पाँचौ कैलाली जिल्ला अधिवेशन भव्य रूपमा सफल पारौं" भन्ने मूल नारासहित आयोजना गरिएको अधिवेशन शनिबार भव्यतापूर्वक सम्पन्न भएको हो । क्रान्तिकारी माओवादीका पोलिटब्यूरो सदस्य तथा सुदूरपश्चिम प्रदेशका सचिव कमरेड अटलले अधिवेशनको प्रमुख आतिथ्यतामा हैसियतमा मैनवत्ती बालेर अधिवेशनको उद्घाटन गरेका थिए । प्रहरी प्रशासनले विनाकारण अधिवेशन विथोल्न प्रयास गरेपनि अधिवेशन भव्यतापूर्वक सम्पन्न भएको जिल्ला पार्टीले जनाएको छ ।

उद्घाटन र बन्द सत्र गरी दुई सत्रमा सम्पन्न अधिवेशनले कमरेड आरपीको नेतृत्वमा १७ सदस्यीय जिल्ला समिति गठन गरेको छ । उक्त कमिटिका सदस्यहरूमा टंक, लोकबहादुर, विन्तिराम, भगवती, रामबहादुर, हरिनारायण, झग्गु, राजु, धनबहादुर, रामबहादुर, अप्सरालगायत रहेका छन् । भेला तथा नवनिर्वाचित जिल्ला समितिका सदस्यहरूलाई प्रमुख अतिथि, अतिथिहरूले बधाई तथा शुभकामना मन्तव्य राखेका थिए । अधिवेशनमा पार्टी केस तथा कैलाली जिल्ला इन्चार्ज कमरेड डायमण्ड, केन्द्रीय सल्लाहकार कमरेड सुभाष, प्रदेश सदस्य तथा कैलाली सहइन्चार्ज कमरेड गम्भीर लगायतको उपस्थिति रहेको थियो । अभिवेशनमा जिल्लाका सबै स्थानीय तहका पार्टी कमिटिबाट प्रतिनिधि पर्यवेक्षक लगायत स्थानीय जनसमुदायको समेत उपस्थिति रहेको थियो ।

## अखिल...

विशेष उपस्थिति रहेको थियो । बैठकपछि संगठनले अन्य संगठनहरूसँग भेटघाट तीव्र पारेको र समानुपातिक निर्वाचन प्रणालीका लागि संयुक्त रूपमा आवाज उठाउन साना नौं संगठनसँग समेत कुराकानी भइरहेको संगठनका अध्यक्ष हरिकृष्ण गजुरेलले बताए ।

## क्रान्तिको...

योगदानको कदर गरेको छ ।

यसै गरी फागुन १ लाई युवाहरूको 'रातो मार्चपास' को रूपमा मनाउने, सहीद दिवस तथा बलिदान दिवसहरूलाई भव्य रूपमा मनाउने निर्णय पनि गरिएको बताइएको छ । यसै गरी चैत्र २४ लाई ऐतिहासिक जनआन्दोलन दिवसका रूपमा मनाउने गरी पार्टीले लिएको निर्णयलाई पूर्ण रूपमा कार्न्वयन गर्ने निर्णय गरिएको बताइएको छ ।

वैठकका अध्यक्ष क. संकल्पको अध्यक्षतामा सम्पन्न उक्त वैठकमा नेकपा (क्रान्तिकारी माओवादी) का स्थायी समिति सदस्य क. गौरवको प्रमुख आतिथ्यता, नेकपा (क्रान्तिकारी माओवादी) ३ नं. प्रदेश सेक्रेटरी क. सागर, सीसीएम् तथा क्रान्तिकारी युवा लिग केन्द्रीय संयोजक क. आकाश, सीसीएम् तथा ३ नं. प्रदेश युवा फ्र्याक्सन इञ्चार्ज क. वसन्तको विशेष उपस्थिति रहेको थियो ।

# देजमो नेपाल बाँकेका राप्तीसोनारी र नरैनापुरको सम्मेलन भव्य रूपमा सम्पन्न

बाँके । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल बाँके जिल्लाका गाउँपालिका तथा नगरपालिकाहरूको भेला/सम्मेलनहरू सम्पन्न गर्ने क्रममा राप्तीसोनारी र नरैनापुरको सम्मेलन भव्य रूपमा सम्पन्न भएको जनाइएको छ । यही माघ २३ गतेको जिल्ला सम्मेलनलाई मध्यनजर गरी जिल्लाव्यापी रूपमा सम्पन्न हुँदै गरेका बेला देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका स्थानीय भेला तथा सम्मेलनहरूमा यी दुवै गाउँपालिकाहरूको सम्मेलन सम्पन्न गरिएका हुन् ।

जिल्ला सम्मेलन पूर्व अब नेपालगञ्ज उपमहानगरपाकिा र डुडुवा गाउँपालिकाको सम्मेलन हुन मात्र बाँकी रहेको बताइएको छ । यी दुवैका सम्मेलन पनि आइतवार र सोमवारभित्र गरिसक्ने बताइएको छ । प्राप्त समाचार अनुसार ८ वटा निकायहरूमध्ये यी दुईवटा मात्र बाँकी छन् ।

माघ २३ गते देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल बाँकेको जिल्ला सम्मेलन सम्पन्न गर्ने गरी तयारी पूरा भइसकेको पनि बताइएको छ ।

# क्रान्तिकारी युवा लिग ललितपुरको भेला फागुन २५ मा

ललितपुर । क्रान्तिकारी युवा लिग ललितपुरको मंगलवार सम्पन्न एक वैठकले भेला आयोजक समिति निर्माण गरेको छ । मंगलवार बिहान ललितपुरको कुपण्डोलस्थित जिल्ला कार्यालयमा सम्पन्न वैठकले ७ सदस्यीय भेला आयोजक समिति गठन गरेको हो ।

भेला आयोजक समिति गठन गरिए लगत्तै बसेको वैठकले फागुन २५ गते ललितपुरमा क्रान्तिकारी युवा लिगको विसाल भेला आयोजना गर्ने निर्णय लिएको छ । उक्त भेलाको तयारीका लागि जिल्लाभित्र रहेका नगरपालिका तथा गाउँपालिकाहरूमा वैठक/भेला तथा सम्मेलन सम्पन्न गरी जिल्लाको भेलाको तयारी गरिने पनि बताएको छ । यसै क्रममा लिगको सदस्यता वितरणको कामलाई तिब्रता दिइने पनि बताइएको छ ।

कार्यक्रममा प्रदेश नम्बर ३ क्रान्तिकारी युवा लिगका फ्र्याक्सन इञ्चार्ज क. वसन्त, पार्टीका जिल्ला इञ्चार्ज क. भाष्कर, जिल्ला सेक्रेटरी क. दीपक, क्रान्तिकारी युवा लिग ३ नं. प्रदेश संयोजक क. केशव र जिल्ला पार्टी सचिवालय सदस्य क. विश्वासको उपस्थिति रहेको थियो । कार्यक्रम क्रान्तिकारी युवा लिगका संयोजक क. रोमनको अध्यक्षतामा सम्पन्न भएको थियो ।

# अखिल नेपाल किसान संघ (क्रान्तिकारी) राष्ट्रिय भेलाको तयारीमा

काठमाडौं । अखिल नेपाल किसान संघ (क्रान्तिकारी)को वैठकले उक्त संघको राष्ट्रिय भेलाको तयारीमा जुट्ने निर्णय गरेको छ । प्राप्त जानकारी अनुसार बैठकले फागुन २२ र २३ गते चितवनमा आफ्नो राष्ट्रिय भेला भव्य रूपमा सम्पन्न गर्न वर्तमान समितिलाई भेला आयोजक समितिका रूपमा रूपान्तरण गरेको छ ।

वैठकले उक्त भेलामा प्रदेशस्तरबाट प्रतिनिधि तथा पर्यवेक्षकहरू सहभागी गराउने निर्णय गरेको बताइएको छ । संख्याका हिसाबले प्रत्येक प्रदेशबाट ५ देखि १५ जनाप्रतिनिधि तथा पर्यवेक्षक रहने निर्णय गरिएको छ । प्रदेशबाट हुने सहभागितामा प्रत्येक प्रदेशले सम्मेलन भएका जिल्लाहरूबाट २/२ जना प्रतिनिधि र भेला तथा संपर्क भएका जिल्लाहरूबाट १/१ जना प्रतिनिधिको सुनिश्चितता गर्नु पर्ने कुरा बताइएको छ ।

राष्ट्रिय भेलामा सहभागीहरूले प्रवेश तथा मेस शुल्कको व्यवस्था गर्नुपर्ने बताइएको छ । फागुन २२ र २३ गतेबाट यथासमयमै कार्यक्रम सञ्चालन हुने भएकाले फागुन २१ गते सहभागीहरू सम्पर्कमा पुगिसक्नु पर्ने बताइएको छ । अखिल नेपाल किसान संघ (क्रान्तिकारी) नेकपा (क्रान्तिकारी माओवादी)को भ्रातृ संगठन हो ।

# ईयु केन्द्रीय बैंकद्वारा पाँच सयका युरो खारेजी

काठमाडौं । युरोपेली केन्द्रीय बैंक (ईसीबी) ले ५ सय दरको युरो नोट विस्थापन गर्ने तयारी अन्तिम चरणमा पुगेको जनाएको छ । दैनिक जीवनमा कमै प्रयोग हुन थालेपछि ईसीबीले सो बैंक नोट हटाउन लागेको हो ।

कतिपय अपराधीले सजिलोका निम्ति यो बैंक नोट प्रयोगमा ल्याएका भएपनि नगदमै कारोबार गर्न रुचाउने जर्मनीका आम नागरिकलाई ईसीबीको यो निर्णयले खिन्न बनाएको छ । आइतबारदेखि नै १९ मध्ये १७ वटा युरोपेली मुलुकका केन्द्रीय बैंकले बैजनी रंगको ५ सय दरको नोट जारी गर्न छाड्नेछन् ।

जर्मनी र अस्ट्रियाका केन्द्रीय बैंकले मात्र केही समय यो नोट प्रचलनमा ल्याउनेछन् । युरोपेली केन्द्रीय बैंकको विज्ञप्तिअनुसार सहज वातावरण निर्माणका लागि अप्रिल २६ सम्म यी दुई मुलुकरिक किस्ता तिर्नका लागि सहोगीसिद्ध भएको बताउने गरेका छन् ।

उनीहरूका अनुसार ठूला दरका नोटहरू व्यापारीहरूले प्रयोग गरे भन्दैमा उनीहरू आपराधिक क्रियाकलापमा संलग्न भएको भन्ने हुँदैन । यी नोटहरूको विस्थापनसँगै ५ सय दरका नोटहरू सम्पत्ति शद्धीकरण, आतंकवाद आदिमा प्रयोग भएको भनी ईयुको कन्द्रीय वैंकले जनाएको कुराको विरोधका रूपमा आएको हो । ठूला दरका नोटहरू विस्थापित गर्न लागेकामा असन्तोष प्रकट गर्ने व्यापारीहरू निकै मात्रामा रहेको बताइएको छ ।



यस कुरालाई ख्याल गर्दै यदि कसैको घरमा ५०० दरका नोटहरू रहेका वा राखिएका छन् भने आत्तिनु पर्ने छैन भनी वैंकले सहजीकरण गरिरहेको बताइएको छ । ‘ मानिसले यो नोट चलाउन वा घरमै राख्न सक्छन्’ ईयु सेन्ट्रल वैंकले प्रष्ट पारेको छ ।

# सुनामीको शक्ति



सुनामी भूकम्पका कारण वा ज्वालामुखीका कारण जमिन धसिने वा माथि उठ्ने गर्दा समुद्रको पानीबाट उत्पन्न हुन्छ । समुद्रको अथाह जलाशयमा पानीकै कारण आउने सुनामी भने निकै कम छन् । तिनको कारण पनि पत्तालाग्न बाँकी छ । सुनामीको उभार वा उचाइ त सैयौं फिट आग्लो हुनसक्छ । यसले विसाल बस्ति र गगनचुम्बी भवनहरू क्षणभरमा डुबाएर सिध्याइदिन्छ ।

हालसम्म आएका सुनामीहरू प्रशान्त महासागरको वरिपरि किनारामा आउने गरेका छन् । प्रशान्त महासागरको वरिपरि रहेको भागलाई ‘ प्रशान्त अग्निको घेरा’ भनेर नामाकरण गरिएको छ । विश्वमा आएका सुनामीका करिब ८० प्रतिशत सुनामीहरू यही क्षेत्रमा गएका र भएका छन् । यो क्षेत्र भूकम्प र ज्वालामुखीको मुख्य क्षेत्र हो । साना र ठूला भूकम्पहरू यस क्षेत्रमा दिनदिनै गइ नै रहन्छन् र साना ठूला सुनामीहरू आइ नै रहन्छन् ।

यसलाई प्रशान्त महासागरका वरिपरिको बस्तीमा राक्षसी छाल वा नरभक्षी छाल भनेर नाम दिइएको छ । हालसम्म आएका सुनामीहरूमा हिन्द महासागरमा सन् २००४ को डिसेम्बर महिनामा आएको सुनामीलाई मानिन्छ । यो सुनामी हिन्द महासागरभित्र गएको अति शक्तिशाली भूकम्पका कारण गएको थियो । त्यति बेला गएको भूकम्प ९ रेक्टर स्केलको थियो । यसले कूल १४ वटा देशहरूमा एकैपटक हमला गरेको र प्रभाव पारेको थियो । यो सुनामीको हमलाले २ लाख ८३ हजार मानिस मारेको थियो । यो महासुनामीले एशियादेखि अफ्रिकासम्मका ११ देशहरूमा मरणासन्न अवस्थासिर्जना गरेका थियो । यो निकै अग्लो र चौडा खालको थियो । यो यति धेरै ठूलो र तीब्र गतिमा थियो कि यसले छोटो समयमा दुबै महादेशहरूमाथि एकै पटक र एकै समयमा हमला गरेको थियो । पृथ्वीमा आएका सुनामीहरूमा यो सबैभन्दा बढि घातक थियो ।

एशिया महादेशमा गएका र गइरहने भूकम्पहरूमा जापानमा सबैभन्दा धेरै रहेका छन् । यहाँ सानातिना भूकम्प र ज्वालामुखीहरू दिनदिनै गइरहन्छन् र सुनामी पनि चलिरहन्छ । यो त्यहाँका लागि दैनिक जीवन पनि बन्ने गरेको छ । सुनामीको आकार र गति मापनलाई लिने हो भने एकसय किलोमिटर लामो सुनामी एकघण्टासम्म निरन्तर चलिरहन्छ । यसले बिनासलाई अवर्णनीय रूपमा निम्त्याउँछ । वैज्ञानिकहरूका अनुसार सन् १७०० मा गएको सुनामीले पूरै जापानमा बाढी, पहिरो र भूइँचालो ल्याएको थियो । यसले अत्यधिक जीऊधनको नोक्सानी गरेको थियो ।

सुनामी प्रतिघण्टा ५ हजार माइलको गतिमा चल्छ । आश्चर्यको कुरा त के छ भने यो महासमुन्द्रमा कुनै हलचल नदेखिएर पनि आइरहेको हुन्छ । रातमा भएमा त यसले निकै ठूलो नोक्सानी निम्त्याउँछ । सुनामी त यति साना पनि हुन्छन् कि कुनै त ३० सेन्टिमिटर मात्र उचाइका पनि हुन्छन् । सुनामीहरू, जसले प्रतिघण्टा छ सयदेखि ८ शय किलोमिटर गति लिइरहेका हुन्छन्, तिनले ठूलो नोक्सानी निम्त्याउँछन् । तर हिन्द महासागरमा उठ्ने सुनामीहरू तीस फिटभन्दा अग्ला हुने गरेका छन् ।

सुनामीका कारणले पहाड मैदान र मैदान समुद्रमा परिणत हुन सक्छन् । कडा चट्टानी भूभाग बाहेको अरु केही बाँकी रहँदैन । अहिलेसम्मका निकै जोखिम इलाकाहरूमा अमेरिकाको वासिंगटन, आरेगन, हवाइ, अलास्का र क्यालिफोर्निया रहेका छन् । सुनामीको पानीमा कोही पनि पौडी खेल्नु हुँदैन किनकि सुनामीको पानी बग्दा अग्लो ठाउँमा आएकाले त्यो केही समयपछि फर्कन्छ । मानिसलाई तानेर लैजान्छ । सुनामीमा उत्पन्न शक्ति अथाह हुन्छ । यसलाई आँकलन गर्न सकिदैन ।

हिन्द महासागरमा सन् २००४ मा आएको सुनामीको उर्जा २३ हजार एटम बमहरू एकैपटक पड्काएको जति थियो । जसले २ लाख ८३ हजार मानिसहरूको ज्यान लिएको थियो । सुनामी भनेको एउटा सिंगल वा एकल तरंग वा धार वा ज्वार मात्र होइन, यो त श्रृंखलाबद्ध धार र ज्वारहरूको समष्टी हो । यसलाई ज्वारहरूको लश्कर वा रेल भनेर पनि भनिन्छ । ग्रिक इतिहासकार थुसिडाइड्सले पेलोपोनेशियन युद्धमा सुनामी शब्दावलीको उच्चारण गरेका थिए । यसलाई त्यतिबेलै समुद्रमुनि जाने भूकम्पका कारण आएको पानीको ज्वार भनेर परिभाषित गरेको थियो । समुद्री तटमा रहने मानिसहरू भूकम्पबाट भन्दा पनि सुनामीबाट बढी तर्सने गर्दछन् ।

# हिमालय सबैभन्दा कान्छो श्रृंखला



हिमालय विश्वको सबैभन्दा अग्लो श्रृंखला हो । यो विश्वको सबैभन्दा कान्छो श्रृंखला पनि हो । यसको अधिकांश भाग नेपालमा पर्दछ । यसका साथै यो प्रतिवर्ष २० मिलिमिटरका दरले माथि उठिरहेको छ । किन होला ?

यसका साथै यही हिमालयबाट गहिरा गल्छी बनाएर हिम नदीहरू र नदीहरू बग्ने र विश्वका आश्चर्यलाग्दा र दुर्लभ जन्तु तथा वनस्पति पनि पाइने गरेका छन् । अधिकांश भाग नेपालमा रहेको यो हिमालय श्रृंखलाले भारत, पाकिस्तान, भुटान, आफ्गानिस्तान, चीन र नेपाललाई जोडेको छ । सबैभन्दा अग्लाो भाग सगरमाथा नेपालमा पर्दछ र अन्य तेस्रो चौथो देखि दर्जनौ हिमालहरू नेपालमा पर्दछन् ।

हिमालयहरू सबैका नाम भगवानका नामहरूबाट राखिएकाले यसलाई भगवानको भूमि ‘स्वर्ग’ पनि भनिन्छ । जे होस् भूस्वर्गका रूपमा रहेको हिमाल अरु कुराहरूले पनि स्वर्ग नै रहेको छ । यसलाई बुझियो भने विश्वको ‘होलिडे ल्याण्ड’का रूपमा विकास गर्न सकिन्छ । यसको प्राकृतिक सौन्दर्यता अद्वीतीय छ र यस्तो विश्वमा अन्यत्र कहीं पनि छैन ।

**विश्वको सबैभन्दा कान्छो श्रृंखला**

विश्वको सबैभन्दा अग्लो र सबैभन्दा कान्छो श्रृंखला हिमालय श्रृंखला हो । यो भारतीय टेक्टोनिक प्लेट र तिब्बतीय टेक्टोनिक प्लेटका बीचमा रहेको छ । हिमालयका मुनिभने खण्डखण्डमा ससाना लगभग प्रदेशसरहका चट्टानी आधारहरू छन् । तर नेपालभरको सिंगो र अखण्ड ल्पेट भने रहेको छैन ।

त्यसैले भारतीय तथा तिब्बतीय ल्पेटहरू एकापसमा जुध्दै जाने कारणले हिमाल प्रतिवर्ष २ मिलिमिटर माथि उठ्ने गरेको विश्वास गरिन्छ । पहिले यो टेथिस सागर थियो । टेथिस सागर रहँदा भारत एशियासँग छुट्टिएर यो अफ्रिकासँग नजिक रहेको थियो । टेथिस सागर माथि उठेर हिमालय बनी तिब्बत र भारतसँग जोडिएपछि भारत भौगोलिक हिसाबले एशिया महादेशमा परेको हो ।

यहाँ ठाडो र भिरालो जमिन छ । अचम्मको कुरा त के पनि रहेको छ भने उचाइअनुसार हावापानीमा पनि भिन्नता आउँदै जान्छ । उचाइ माथि जाँदै गर्दा हिमालयसम्म पुगिने र तलझर्दै गर्दा सम्म परेको तराइसम्म पुगिने हुन्छ । त्यो पनि छोटो समयमा नै । तर सिंगो हिमालयमुनि अधिकतम समशितोष्ण हावापानी रहेको छ ।

हिमालयमा अद्वितीय सौन्दर्य रहेको छ । यसमा रहेका होचा अग्ला पहाडहरू र होचाअग्ला हिमालले गर्दा श्रृंखला निकै रमणीय र मनमोहक रहेको छ । हिमालमुनि रहेका कोणधारी, पतझड र तराइको सदाबहार वनस्पतीले मन नै लोभ्याउने गरेको र वानस्पतिक विविधता ल्याउने गरेको छ ।

सगरमाथालाई विश्वको शीरका रूपमा लिइन्छ । भौगोलिक रूपमा यो विश्वको धुरी हो । सगरमाथा आफैमा अद्वितीय नाम हो, त्यसैले सगर अर्थात् आकाशमा पुगेको टाउको भनेर यसको नामाकरण गरिएको हो । तिब्बती र चिनियाँहरू यसलाई चोमोलुङ्मा भन्ने गर्दछन् । त्यो भनेको पनि अग्लो धुरी भनिएको हो ।

**आफैमा प्राकृतिक भगवान**

हिमालय हिन्दू परम्परा र संस्कृतिअनुसार आफैमा भगवान हो । यसलाई गिरिराज भनेर पुकारिन्छ । गिरिराज भनेको आफैमा भगवानको नाम हो । गिरि भनेको पहाड र राज भनेको देवता हो । यो भगवानहरूको वासस्थान हो । मानवको वस्ती भएदेखि यसको हिन्दु धर्मग्रन्थमा निकै चर्चा हुने गरेको छ । वेद, पुराण तथा रामायणदेखि महाभारतसम्मका ग्रन्थहरूमा हिमालयको बयान कतै पनि छुटेको छैन ।

विश्वमा पाइने विविधता हिमालयको वरिपरि पाइएको छ । यो आफैमा आश्चर्यलाग्दो छ । उत्तरी तथा दक्षिणी गोलार्द्धमा मात्र पाइने हिम चितुवा हिमालय वा नेपालमा पाइने गरेको छ । हिम चितुवा आफैमा एक हिम प्राणी हो । यो जहाँतहीं पाइँदैन ।

हिमाल आरोहणको अभ्यास मूलतः नेपालमा र अन्यत्र पनि गरिँदै आएको छ । विश्वका मानिसहरू हिमाल चढ्ने र हिमालमा आनन्द लिने पनि गरिरहेका छन् । हालसम्म सगरमाथामा ५००० जना मानिसहरू पुगेको विश्वास गरिएको छ ।

यहाँ विभिन्न संस्कृति र भेषभूषाका मानिसहरू पाइन्छन् । यसका साथै यहाँ विभिन्न धर्म र सम्प्रदायका मानिसहरू बसोबास गर्ने गरेका छन् । सबैभन्दा आकर्षक कुरा त यहाँ बौद्ध गुम्बा नै हुन् । यी गुम्बाहरू हिमालय श्रृंखलाको मुनि निकै संख्यामा रहेका छन् ।

हिमालयको चुचुरामा रहेको हिउँ कहिल्यै पनि पग्लदैन भन्ने विश्वास गरिन्छ । बरु यो हिउँ पहिरो तथा हिम नदीका रूपमा बग्छ भन्ने किम्बदन्ती पनि र साँचो कुरा पनि हो । तर अहिले आएर विश्व तापमानका कारणले हिउँ पग्लन थालेको भन्ने कुरा साँचो हो ।

विश्वका लागि प्रेरणाको स्रोत हो, हिमाल र हिमश्रृंखला । यसले प्राकृतिक सौन्दर्य मात्र नदिएर विश्वलाई माथि उल्लेख गरिएका कुराहरू दिएर प्रेरणाको काम गरिरहेको छ । यहाँ विविध अन्वेषणका कुराहरू छन् । यी कुराहरू सबैका लागि नयाँ र जहिले पनि उत्तिकै प्रेरणादायी छन् ।

## भ्रष्टाचारीहरूका...

बेला आरवाइएलले कंसकारमाथि ‘ कालोमोसो एक्सन’ गरेको थियो ।

भ्रष्टाचारीहरूका विरुद्ध थालिएको यस्तो कारबाहीलाई देशव्यापी बनाउन र दलाल संसदीय राजनीतिक पार्टीका नेताहरू भ्रष्टाचारका असली नाइके भएकाले भ्रष्ट राजनीतिक नेताहरूमाथि पनि कारबाही थाल्न अग्रसर हुनुपर्ने सुझाब पनि सामाजिक सञ्जालमा ओइरिएका थिए । सिंगो देश भ्रष्टाचारको आहालमा चुर्लुम्म डुबेको र राज्यव्यवस्थाका सञ्चालकहरू नै संस्थागत भ्रष्टाचार र अनियमिततामा लिप्त रहेको र देशमा ब्रम्हलुट मच्चाइरहेको अवस्थामा आइवाइएलले गरेको भ्रष्टाचारविरोधी यो कारबाहीले निराश बनेका र विकल्प खोजिरहेका जनतामा एउटा आशाको सञ्चार गरेको देखियो विश्लेषण गर्दै आरवाइएलले पार्टी (क्रान्तिकारी माओवादी)को निर्देशनमा आफ्नो भ्रष्टाचारविरोधी अभियानलाई देशव्यापी बनाउने निर्णय गरेको थियो । सोही निर्णय अनुसार नै १६ माघमा सुर्खेतका मालपोत कार्यालयमा एक्सन गरिएको सम्बद्ध संगठनले जनाएको छ ।

सुर्खेत कारबाहीलाई लिएर केही कर्मचारी संघसंगठनले निकालेको वक्तव्यलाई भ्रष्टाचारीहरूलाई संरक्षण गर्न र उनीहरूकै पक्षपोषण गर्न खोजिएको भन्दै आरवाइएलले त्यसो नगर्न कर्मचारी संघ संगठनलाई चेतावनी समेत दिएको छ । मालमोतका कर्मचारी घर्तीमाथि गरिएको कारबाहीको भोलिपल्ट एक वक्तव्य जारी गर्दै जिल्लाका युवा नेता हिमाल शाहीले जनविरोधी र राष्ट्रविरोधी कार्य आरवाइएललाई सह्य नहुने जनाएका छन् ।

उनले निकालेको वक्तव्यमा भनिएको छ, “क्रान्तिकारी युवा लिग, नेपाल राष्ट्रियता, जनतन्त्र र जनजीवीकाका सवालहरूमा निरन्तर आवाज उठाउँदै आएको मुलुकको आमूल परिवर्तनको महाअभियानमा होमिएको संगठन हो । जनविरोधी र राष्ट्रविरोधी गतिविधि तथा क्रियाकलाप हाम्रो संगठनलाई सह्य छैन ।”

वक्तव्यमा मालपोत कार्यालय भ्रष्टाचारको अखडाको रूपमा बद्नाम रहेको उल्लेख गर्दै भनिएको छ, “आज मुलुकमा सिंहदरबारदेखि स्थानीयतहसम्म संस्थागत भ्रष्टाचार र अनियमितताको महामारी फैलिएको छ । विभिन्न अध्ययनले मालपोत कार्यालय सबैभन्दा बढी भ्रष्टाचार हुने सरकारी कार्यालयको रूपमा बदनाम छ । सोही मुताविक जनगुनासाहरू पनि आइरहेका छन् । जनताको गुनासाकै आधारमा हामीले भ्रष्टाचारीहरूमाथि कारबाही थालेका हौं ।” वक्तव्यमा अगाडि भनिएको छ, “यसबाट स्वच्छ छवी भएका कर्तव्यनिष्ठ कर्मचारीहरू डराउनु आत्तिनुपर्ने कुनै आवश्यकता छैन । बरु हाम्रो यो अभियानमा उहाँहरूको साथ सहयोगको हामीलाई आवश्यकता छ र हामी त्यसको अपेक्षा समेत गर्दछौं । आज मुठ्ठीभर भ्रष्ट कर्मचारीका कारण सबै राष्ट्रसेवक कर्मचारीहरू बद्नाम छन् । भ्रष्ट कर्मचारीहरूको संरक्षण र पक्षपोषणका निम्ति यस्तो वक्तव्यबाजीतिर लाग्नेभन्दा पनि हरेक सरकारी कार्यालयभित्र भएका भ्रष्ट कर्मचारीहरूको निगरानी राख्ने र उनीहरूको भण्डाफोर गरी हाम्रो अभियानमा साथ सहयोग पुऱ्याइदिनु हुने आशा एवम् विश्वास लिदै हाम्रो संगठन त्यसका लागि विनम्रतापुर्वक आग्रह, अनुरोध एवम् आव्हान समेत गर्दछ ।”

## छुटे आरवाइएलका...

काठमाडौं पुगेका नेकपा (क्रान्तिकारी माओवादी)का नेता कार्यकर्ताहरूले तामाङलाई बधाई दिँदै अबीर माला लगाएर स्वागत गरे । सिडिओ कार्यालय परिसरभित्र केही बेर अबिरजात्रा समेत चलेको थियो । तामाङलाई बधाई दिन तथा स्वागत गर्न क्रान्तिकारी माओवादीका पोलिटब्यूरो सदस्यद्वय इन्द्रमोहन सिंग्देल, दिनेश शर्मा, पार्टी केसहरू सुरेश श्रेष्ठ, शारदा महत, अखिल (क्रान्तिकारी)का अध्यक्ष हरिकृष्ण गजुरेल लगायतका नेता कार्यकर्ताहरू काठमाडौंको जिल्ला प्रशासन कार्यालय पुगेका थिए ।

थुनामुक्त भएलगत्तै सिडिओ कार्यालय परिसरमै मिडियाकर्मीहरूसँग कुरा गर्दै नेता तामाङले भ्रष्टाचारीमाथि गरेको कारबाहीको आरोपमा २४ दिनसम्म प्रहरी हिरासतमा बस्दा आफूलाई गर्वको महसुस भएको र भ्रष्टाचार विरोधी अभियानमा लाग्न थप उर्जा प्राप्त भएको बताए । उनले भने, “भ्रष्टाचारीहरूले देशमा ब्रम्हलुट मच्चाइरहेका छन् । देशको कंगालीकरण भइरहेको छ । भ्रष्टाचारीहरूलाई ठेगान नलगाएसम्म देशको विकास र समृद्धि सम्भव छैन ।” उनले अगाडि भने, “वाइडबडी घोटालाका मुख्य दोषी सुगतरत्न कंसकारमाथि कालोमोसो दलेर काक्रान्तिकारी युवा लिग, नेपालले भ्रष्टाचारीहरूमाथिको कारबाही थालेको छ । अब हाम्रो पार्टी र संगठनले भ्रष्टाचारीहरूलाई खोजी खोजी कारबाही गर्छौं । २४ दिनको प्रहरी हिरासत बसाइले मलाई थप उर्जा र हौसला मिलेको छ ।” भ्रष्टाचारीहरूलाई कारबाही गर्दा प्रहरी हिरासत मात्र होइन जेल बस्न पनि तयार रहेको पनि नेता तामाङले बताए । नेता तामाङ छुटेको भोलिपल्टै आरवाइलले सुर्खेतमा एक्सन गरेको थियो । आरवाइएलका नेताहरूले भ्रष्टाचारीहरूमाथि सबै प्रदेशका जिल्लाहरूमा यस्ता कारबाहीहरू हुँदै जाने र त्यसका लागि अध्ययन भइरहेको बताएका छन् ।

# रोग भनेको आतंक रहेछ

श्रीनाथ अधिकारी 'क. श्याम' पीबीएम- नेकपा (क्रान्तिकारी माओवादी)



***१ अहिले उपचार गराइरहनु भएको छ, कस्तो महसुस गरिरहनु भएको छ ?***

रोगले स्वयम् रोगीमा पनि र आफन्तहरूमा आतंक सिर्जना गर्दोरहेछ । वरपरका छिमेकीहरूलाई पनि आतंकित बनाउँदो रहेछ । उपचार गर्दा र त्यसमा पनि क्यान्सर जस्तो रोगको उपचारका लागि अन्तिम उपाए र उपचार पद्धति किमो चढाउने भनेको अर्को झन् ठूलो आतंक हुदो रहेछ । यो अवस्थासम्म आइपुग्दा मेरो भित्री मनमा केही प्रश्नहरू अवश्य उब्जिएका थिए । किमो चढाएपछि मभित्र उब्जिएको एकखाले आतंकको अन्त्य भयो । यसमा मानसिक तथा शारीरिक दुबै कारणहरूले काम गरेका छन् । मानसिक रूपमा आतंक र शारीरिक रूपमा धान्न सक्छ कि सक्दैन भन्ने । यो शरीरको प्रतिरोधात्मक शक्तिमा भर पर्दछ । म हिंडडुल गर्न पनि सक्छु । बिरामी भइसकेपछि मैले शारीरिक र मानसिक रूपमा मनोबलमाथि उठाउनु पर्दथ्यो । मलाई सबैले एउटै कुरामा जोड दिन्छन्, त्यो हो राजनीतिक चेतना भएको मान्छेले मनोबल उच्च बनाएर रोगका विरुद्ध लड्नुपर्दछ भन्ने हो । हामीलाई बुझाउन सक्ने मान्छेले आफूलाई बुझाउन सक्नुपर्दछ भन्छन् । यति सोच्दासोच्दै पनि रोगले आक्रमण गरिसकेपछि शरीर कम्जोर त हुँदो रहेछ । तर पनि मानसिक रूपमा त्यति कमजोर भइसकेको महसुस गरेको छैन ।

***२. डाक्टरको सुझाव के छ ?***

सिनियर डक्टरसँग कुराकानी भइरहेको छ । डक्टरहरूले मलाई आठदश वर्ष आयु लम्ब्याउन सकिन्छ भनिरहेका छन् । मैले डक्टरहरूको आफ्नै अनुभव, यथार्थ र वस्तुवादी सुझव तथा भद्रपन आदिले गर्दा बढि विश्वस्त हुने आधारहरू पाइरहेको छु । डाक्टरहरूले परिवारका सदस्य तथा म आफू विरामीलाई सँगै राखेर मेरो शारीरिक अवस्थाबारे नलुकाई कुराहरू सबै सामुन्ने भन्ने गरेका छन् । यसबाट डाक्टरहरूले कुनै कुरा छिपाउने वा लुकाउने गरेका छन् कि भन्ने आशंका निवारण भएको छ ।

***३. किमो चढाइ सकेपछिको अवस्था कस्तो छ ?***

किमो चढाइसकेपछि शरीरले धान्छ कि धान्दैन भन्ने आशंका थियो । धानेको छ ।

शरीरले त्यसलाई पचायो, स्विकार गर्‍यो । यसको अर्थ मेरो शरीरमा अझै पनि प्रतिरोधात्मक शक्ति कायमै छ । मेरो लागि उपचारको ढोका खुलेको छ । किमोको पहिलो र दोस्रो चरणको साइकल पूरा भएको छ । किमोको रियाक्सन जति हुन्छ भनिएको थियो, त्यो देखिएन ।

***४. किमो चढाउनु अघि र चढाए पछिको शारीरिक अवस्थामा केही भिन्नता आएको छ ?***

पहिलो किमोको कुनै पनि असर देखिएन । दोस्रो किमो चढाएपछि केही समयसम्म बाडुली लागि राख्यो । तर शारीरिक रूपमा अनुभूत नै हुने गरी कुनै पनि परिर्वतन आएको छैन । टाउकोभित्र नसामा केही आराम लिनका लागि कार्बनडाइअक्साइड नपुगेको भन्दा म आश्चर्यमा परे । अक्सिजन त मानिसलाई चाहिन्थ्यो नै, तर कार्बनडाइअक्साइड पनि आवश्यक हुँदो रहेछ । त्यसका लागि प्लास्टिकले मुख छोपेर छ/सात पटक श्वास फेर्ने र प्लास्टिकबाटै श्वास लिने गर्नाले कार्बनडाइअक्साइडको त्यो मात्रा पूरा हुँदो रहेछ । यसले दुईतीन घण्टाजति आराम दिलाउँदो रहेछ ।

***५. किमो चढाइसकेपछि खानाको रुचीमा भिन्नता आएको छ ?***

अमिलो, चिल्लो, पीरो आदि नखाने भनिएको छ । डब्लुबीसी, प्लेटलेट र आरबीसी बढाउने कुरा खाने भनिएको छ । चुकन्दर, अनार जस्ता रगत बढाउने कुराहरू खाने भनिएको छ । यस्ता कुराहरू कुनै न कुनै तरिकाले खाने, कतिपय काचो, कतिपय पकाएर, कतिपय उसिनेर जेजसरी हुन्छ खाने र शरीरलाई आवश्यक कुराहरू लिने भनिएको छ । दिनमा खाना खाइरहने र सकेसम्म बेग्लाबेग्लै 'आइटम' खाइरहने । हरियो सागसब्जी, माछामासु, दूध, अण्डा आदि खानका लागि सिफारिस गरिएको छ । फलफूलको रस र जुसहरू पनि खानाका लागि सिफरिस गरिएको छ ।

***६. खानामा ठोस, तरल र अर्धतरल खाद्यपदार्थ लिंदा तपाईलाई कस्तो महसुस हुने गरेको छ ?***

खानाका हिसाबले त्यति अप्ठेरो त परेको छैन । मैले दाल, भात र तरकारी सबै खाने गरेको छु । रोटी पनि खाने गरेको छु । खानाले कही त्यस्तो असजिलो पारेको जस्तो लागेको छैन ।

खाना पचेको छ । अहिलेसम्म सहज नै छ ।

***७. खानाको स्वादमा अन्तर आएको छ ?***

सागपात र तरकारीको स्वादमा कुनै भिन्नता आएको छैन । दूधको स्वाद फेरिएका छैन । तर दूधबाट बनेको परिकार खीरको स्वाद पूरा आएन । देख्दा खीर छ, तर खाँदा त्यस अनरूपको स्वाद छैन । गिलो भात खाँदा केही सहज महसुस भने हुन्छ । पहिले पनि निकै साह्रो खाना खान नसक्ने अवस्थामा थिए । अहिले यो अवस्था उस्तै छ ।

***८. माछामासु खाँदाको अवस्था के छ ?***

माछामासुमा केही स्वाद फेरिएको छ । कुखुराको मासु मन परेको छैन । गन्ध नमीठो आउने गरेको छ । तर खसीको मासु भने निकै रसिलो र स्वादिलो नै हुने गरेको छ । गन्ध पनि र स्वाद पनि पहिलेकै जस्तो छ ।

मैले माछामासु खाइरहेको छु । तर कुखुराको मासुमा गन्ध र स्वाद हराएको छ । पानीको मात्रा पनि बढी नै लिने गरिरहेको छु । पचेको छ पनि । शरीरलाई चाहिने क्यालोरी पुगेकै छ ।

***९. अहिले केही लामो कुराकानी गर्दा झर्को लाग्छ कि लाग्दैन ?***

एउटै साथीसँग लामो कुरा त गरिरहन मन लाग्दैन पनि । तर दिनमा धेरै मानिसहरू भेटन आइरहने भएकाले त्यस्तो महसुस भएको छैन । कतिपय अवस्थामा लामो कुराकानी गर्नु पर्ने प्रसंग पनि आउँछ । कतिपय अवस्थामा छोटा र ' हाइहलो' मात्र पनि हुने गर्छ ।

कुराकानी सकिए पछि पनि कसैले उही कुरा दोहर्‍याइरहँदा भने केही झन्झट लाग्छ । एक त यो मानवीय स्वभाव पनि हो । तर रोगी हुनुकै कारणले मलाई यसो भएको भन्ने लाग्दैन ।

***१०. हिंडडुल गर्दा कस्तो महसुस हुन्छ ?***

हिंडडुल गर्दा त्यति साह्रो फरक भएको महसुस त गरेको छैन । बिहान जाडो भएकाले साँझमा हिंड्ने गरिरहेको छु । हिंडाइमा अझै पनि सरलता र सहजता कायमै छ ।

***११. बिरामी हुनुको चिन्ताका कारणले शारीरिक र मानसिक तादाम्यता कसरी मिलाइरहनु भएको छ ? बढि चिन्तित त हुनुहुन्न?***

बिरामी भइसकेपछि चिन्ता त बढ्दो रहेछ । बिरामी भएको सोच बनाउँदिन भने पनि आइहाल्छ । बिरामी वा रोग निको पार्नेमा ध्यान त जाँदो रहेछ । मानवीय स्वभाव काम गर्दा वा कुराकानी गर्दा रोगी छु भन्ने क्षणभर बिर्सिइन्छ पनि । एक्लै हुँदा, रातमा निद्रा नलाग्दा प्रेसर हुने गर्दछ ।

***१२. अहिले स्वास्थ्य लाभ गरिरनुभएको छ र केही समय रेष्ट पनि गरिरहनु भएको छ । लेखनीको कामलाई अघि बढाउन सक्नु होला ?***

लेखनीलाई अघि बढाउन म पनि इच्छुक छु । सहयोग गरिदिनु होला ।

## कविता

### झुपडी र महल



● कृष्णभक्त महर्जन 'कगेन्द्र'

झुपडीको महलमा
महलको झुपडीमा
शब्दको अर्थ
आवश्यक नहोला
कुनै कुनै अर्थहीन
भए पनि प्रिय लाग्छ
कहिले झुपडीको
कहिले महलको
याद र बात भुल्ला
झुपडीमा पुगेपछि
तर भुल्न सकिँदैन
महल पुगेपछि
महलमा भोकाएको
झुपडीमा अघाउँछ
झुपडीमा अघाएको
महला भोकाउँछ
सम्बन्ध महलमा तोडछ ?
सम्बन्ध झुपडीमा तोड्छ ?
शेर भैं महलमा आउँछ
अन्जान यात्री बनेर
आन्जान अन्जानमै
झुपडीतिर फर्कन्छ
बस खुशी रहनु पर्छ
दुख जीन्दगी छँदैछ
साउनको मुसलधारे पानीमा होस्
माघको हिउँदे झरीमा होस्
न झुपडीलाई थाह हुन्छ
न महललाई थाह हुन्छ
झुपडीको खहरे सलल
बहुत दुःखले
महलको भेल खलल
बहुत सुखले
खहरेको भेलले
बगेर मर्न रहर छैन
खोलाको भेलमा
बस्न रहर छैन
गाउँको तस्वीर झलल
सहरको जिन्दगी कलल
गाउँघरको लाटो हो ?
सहरको लाटो हो ?
झुपडीको बाठो हो ?
महलको बाठो ?
झुपडीको महलमा
महलको झुपडीमा
साटासाट हो ?
झुपडी र महल दुबैमा
लाटोपन र बाठोपन छ ... ...

# म कर्तव्यपरायण बुहारी बन्न सकिन



**अस्वाभाविक र कठिन परिस्थितिमा एकैसाथ रहेका महिलाहरूबीचको आपसी कटुता स-साना कुराले निम्त्याउँथ्यो । कल्पनाले रोहिनीलाई पढाउन थालेको देखेर मेटिन निकै ईर्ष्याले जलेकी थिइन् । हरेक कुराहरूमा उनले आफूलाई प्राथमिकता दिइनु पर्ने सोच्दथिन् । उनले रोहिनी शिक्षित हुनुलाई आफूमाथि आइपरेको चुनौतीको रूपमा सम्झन्थिन् । रातमा जब हामीहरूलाई अलग अलग कोठीमा बन्द गरिइन्थ्यो, मेटिनको आवाज कानसम्म पुग्न पाउँदैनथ्यो, तब उनले रोहिनीसँग रस्साकस्सी गर्दथिन् । यी स-साना अपमानहरूको कारणले ऊ हरेक दिन रूँदै हाम्रो साथमा आउँथी । एकदिन मेटिनको यो नीच कार्यबाट उत्तेजित भएर हामीहरूले उसलाई चेतावनी दियौं कि रोहिनीको काममा अवरोध नदेऊन् । उनलाई एक्लै स्वतन्त्रतापूर्वक काम गर्न देऊन् । हामीहरूले यसो भनेर धेरै ठूलो गल्ती गरेका थियौं**

● मेरी टाइलर ●

आइतबार २५ अप्रिल सन् १९७१ को कुरा हो । अरू बेलाको झैं उपवास बसेका थिए । आज कुराकानी र भेटघाटको दिन पनि थियो । कल्पना र मैले गाउँको तरिकाबाट खाना बनाउने अभ्यास गरेका थियौं । सबेरै म अगेनुको छेउमा तहतह पारेर राखिएको कम्बलमाथि बसेर मटरदानाको पुवा बनाइरहेकी थिए । यो पुरूष साथीहरूकहाँ लिएर जानका लागि थियो । चुल्होको वरिपरिको लेदो बनाइएको मटर टाँसिएको थियो । मेरो साडीमा तेलको धब्बा लागेको थियो । अचानक मेटिन दौड्दै आइन् "दिदी तपाईंको कोही कुरा गर्ने मानिस आएको छ । तपाई अफिसमा आउनुहोस् ।" पहिले त मलाई विश्वास नै लागेन । हामीले एक अर्कासँग यस्तो ठट्टामजाक गर्दथ्यौं । हेड वार्डर मलाई लिन नै आए, त्यसपछि मैले बुझे कि मेटिन साँचो बोलिरहेकी थिइन् । जेलमा लगातार एघार महिना बसेपछि पहिलोपटक म यस्तो कुनै मानिससँग भेट्न गइरहेको छु जो ब्रिटिस वाणिज्य दूतावासको कर्मचारी होइनन् । छिटछिटो मैले काँधसम्म आएको लामो कपाल काइयोले कोरे । मसँग दोस्रो साडी थिएन । त्यसैले मैले त्यही तेलको धब्बा लागेको साडी लगाइरहे । मेरो आफ्नो टी-शर्ट र स्ल्याक्स पहिल्यै फाटिसकेका थिए । यसकारणले म भारतीय पोसाक लगाउन बानी परेकी थिएँ ।

चारैतिर छरिएका कागजपत्र तथा फाइलहरू र कैदीहरूको नाम लेखिएको अस्तव्यस्त अफिसमा अमलेन्दुका बूढा बाआमा सागरमा शान्ति र गरिमाको रूपमा टक्क देखिने द्वीप जस्तै बसेका थिए । उनीहरूले मलाई बस्ने इशारा गरे । त्यहाँ बसेका मानिसहरू यो देखेर हैरान भए कि म एक कर्तव्य परायण बुहारीको जस्तो गरी उनीहरूको पाउ छुन झुकेन । अमलेन्दु र उसको भाइसँग उनीहरूले भेटिसकेका थिए । तर हामी तीनैजनालाई एकैसाथ भेट्न स्वीकृति थिएन । हामीहरूलाई भेट्न उनीहरू पाँच सय माइलको यात्रा गरेर आएका थिए । यो सोचेर मेरो हृदय भारी भएर आयो । उनीहरूले आफ्नो साथमा कपडा, घरमा बनाइएको मिठाइहरू, सुगन्धित साबुन र गर्मीमा चिसो बनाउन खजुरको पातबाट बनाइएको पङ्खा लिएर आएका थिए । उनीहरू मेरो स्वास्थ्य र कुशल क्षमताको बारेमा चिन्तित देखिन्थे । मैले तिनीहरूको चिन्तालाई भगाउन खुबै नै कोसिस गरैं । उनीहरूसँग कुराकानी गर्न मात्र दस मिनेट पाइयो, यसपछि म महिला वार्डमा फर्केर आएँ ।

दिनको बाँकी समय मैले आफ्नो कोठीमा आहतका साथ बेचैन भएर सोच्दासोच्दै बिताएँ । मलाई आफूसँग रिस उठिरहेको थियो कि यसरी अचानक भेट्न जाँदा मैले सबै कुरा भुले । उनीहरूलाई देखेर म खुसी पनि भएँ र अपराधबोध पनि भयो । उनीहरूले यत्रो दुःख गर्नुपर्‍यो र पैसा पनि खर्च भयो । अमलेन्दुलाई देख्न नपाउनु मेरो लागि दुःख थियो । त्यो कुराकानी सधैंभरि बेचैनले भरिएको अनुभव हुन्छ । प्रत्येक कुराकानी र भेटघाटपछि बाहिरको संसारको याद आउँछ । आफ्नो प्रियजनको याद आउँछ । ती कुराहरूको याद आउँछ, जुन हामीहरूले गुमाइसकेका छौं । यसपछि मलाई 'सामान्य' अवस्थामा आउन दुई दिन लाग्यो ।

नरिवलको मिठाइले एउटा समस्या ल्याइदियो । कल्पना र मैले चाहन्थ्यौं कि यो मिठाइ अरू बन्दीहरूको बीचमा बाडौं भनेर किनकि यो मिठाई धेरै नै थियो हामीहरूसँग । अरू महिलाहरूले घरबाट थोरै मात्र पनि जे आउँथ्यो, त्यो तुरून्तै बाँड्दथे । उनीहरू खुसीको खबर सबै बीच बाँड्दथे । बाँड्दा हामीहरूले यो कुरालाई धनमा राख्थ्यौं कि कसैलाई कम र कसैलाई बढी नपरोस् । अत्याधिक कठिनाइमा रहेको जेलको अवस्थामा कसैलाई कम र कसैलाई बढी दिनुले ईर्ष्याको भावनाको विकास हुन्थ्यो । जो एकदिन बढ्दै गएर एकअर्कालाई अपमानित गर्ने रूपमासम्म प्रकट हुन सक्दथ्यो ।

अस्वाभाविक र कठिन परिस्थितिमा एकैसाथ रहेका महिलाहरूबीचको आपसी कटुता स-साना कुराले निम्त्याउँथ्यो । कल्पनाले रोहिनीलाई पढाउन थालेको देखेर मेटिन निकै ईर्ष्याले जलेकी थिइन् । हरेक कुराहरूमा उनले आफूलाई प्राथमिकता दिइनु पर्ने सोच्दथिन् । उनले रोहिनी शिक्षित हुनुलाई आफूमाथि आइपरेको चुनौतीको रूपमा सम्झन्थिन् । रातमा जब हामीहरूलाई अलग अलग कोठीमा बन्द गरिइन्थ्यो, मेटिनको आवाज कानसम्म पुग्न पाउँदैनथ्यो, तब उनले रोहिनीसँग रस्साकस्सी गर्दथिन् । यी स-साना अपमानहरूको कारणले ऊ हरेक दिन रूँदै हाम्रो साथमा आउँथी । एकदिन मेटिनको यो नीच कार्यबाट उत्तेजित भएर हामीहरूले उसलाई चेतावनी दियौं कि रोहिनीको काममा अवरोध नदेऊन् । उनलाई एक्लै स्वतन्त्रतापूर्वक काम गर्न देऊन् । हामीहरूले यसो भनेर धेरै ठूलो गल्ती गरेका थियौं । उनले हामीहरूसँग बदला लिने योजना बनाउन लागेकी थिइन् ।

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निष्पक्ष खबर तथा विचारका लागि सधैं हेर्नै र पढ्ने गरौं ।
www.moolbato.com

## नेपाली कम्युनिस्ट...

विरुद्ध संघर्ष उठान गरी जनगणतन्त्र (एभयउभिुक म्भ्रयअचबअथ) स्थापना गर्ने उद्देश्य राखेको थियो । वि.सं. २००८ सालमा नेपाल कम्युनिस्टले ऐतिहासिक प्रथम राष्ट्रिय सम्मेलन गरी नयाँ जनवादी क्रान्तिलाई आधारभूत कार्यक्रम मानेको थियो ।

तर दुर्भाग्यवश प्रथम महाधिवेशन २०१० साल भाद्र १७ देखि २५ गतेसम्म भई मनमोहन अधिकारी महासचिव चुनिए, जसले राजदरबारमा चाकरी गरी पार्टीलाई वैधानिक बनाएका थिए । दोस्रो महाधिवेशन वि.सं. २०१४ साल जेठ १५ देखि २५ गते सम्पन्न भै केशरजंग रायामाझी महासचिव निर्वाचित भै अन्तमा राजदरबार पसे । वि.सं. २०१९ साल वैशाख ४ देखि १५ गते तेस्रो महाधिवेशन महासचिव तुलसीलाल आमात्य निर्वाचित भएपनि नयाँ जनवादी राजनीतिक कार्यदिशा छोडी सुधारवादी संसदीय बाटो लिन पुग्यो ।

नेपालमा राजा मेहेन्द्रले वि.सं. २०१७ सालमा बहुदलीय व्यवस्थालाई खारेज गरी निर्दलीय पञ्चायती व्यवस्था ल्याएपछि सबै पार्टीलाई अवैधानिक ठहऱ्यायो । जनता ज्यादै निराश भए । पार्टी प्रतिबन्धित भएपछि वि.सं. २०२३ सालमा केशरजंगले नेकपा गठन गरी ख्रुश्चेवपन्थी बने । रायमाझी गुटमा बर्मा र मानन्धरले छुट्टै गुट बनाएपछि नेकपा (संयुक्त), एउटा संसदवादी धारा, बनेको छ ।

वि.सं. २०२५ सालमा पुष्पलालले अर्को नेकपा गठन गरे । यसले मार्क्सवाद-लेनिनवाद-माओविचारधारालाई पथ प्रदर्शक सिद्धान्त मान्दै नयाँ जनवादी कार्यदिशा अघ बढाए । पुष्पलाल समूहबाट रोहित र रूपलाल फुटी २०३२ सालमा नेपाल मजदुर किसान संगठन बनाए । वि.सं. २०३६ सालमा रूपलालले पार्टी फुटाई २०३८ सालमा सर्वहारावादी श्रमिक संगठन बनाए भने रोहितले २०४६ सालपछि राष्ट्रिय सम्मेलन गरी नेपाल मजदुर किसान पार्टी बनाए । यो पार्टीले नेपालमा समाजवादी व्यवस्था ल्याउने भने पनि कार्यदिशा स्पष्ट छैन ।

वि.सं. २०२८ सालसम्म पहिलेका कोशी प्रान्तीय कमिटिका विशेष झापा जिल्ला कमिटिका सी.पी. मैनाली लगायत पुष्पलालबाट आएका रातो झण्डावाला मिलेर को-अर्डिनेशन केन्द्र (कोके) बनाई भारतीय नक्शालवादी आन्दोलनका प्रवर्तक क. चारु मजुमदारको "वान युनिट, वान एसिया, वान एक्शन" को थ्यौरी व्यवहारमा अबलम्बन गरे । चीनमा चलेको सन् १९६६ देखि १९७६ सम्म सर्वहारा सांस्कृतिक क्रान्तिबाट उत्प्रेरित थियो, लाई आत्मसात् गर्दै झापामा "वर्ग शत्रु खत्तम" को लाइनअनुसार "झापा विद्रोह" गरे । वि.सं. २०३५ सालमा कोअर्डिनेशन केन्द्रले नेकपा (माले) गठन गरेपछि २०४६ सालपछि संसदीय बाटो लाग्यो र वि.सं. २०४७ मा नेकपा (माले) र नेकपा (मार्क्सवादी) मिलेर एमाले बनाए ।

वि.सं.२०२८ सालमा मोहनविक्रम सिंह, निर्मल लामा, भक्तबहादुर श्रेष्ठ, मोहन वैद्य 'किरण' ले केन्द्रीय न्यूक्लसहुँदै वि.सं. २०३१ सालमा चौथो महाधिवेशन गरी नेपाल कम्युनिस्ट पार्टी चौथो महाधिवेशन धारा बनाए । मोहनविक्रम सिंह महासचिव चुनिए र मार्क्सवाद-लेनिनवाद-माओविचारधारा पथप्रदर्शक सिद्धान्त मान्ने न्युनतम कार्यक्रम पञ्चायत फालेर देशभक्त जनवादीहरू शक्तिको सरकार बनाउने बाटो अवलम्बन गर्न पुग्यो । तर पनि अधिकतम कार्यक्रम नयाँ जनवाद बनाइ लाइन स्पष्ट भएन । नेकपा (चौथो महाधिवेशन) मा पहिलो मोहनविक्रम दोस्रो निर्मल लामा र तेस्रो भक्तबहादुर श्रेष्ठ महासचिव भएका थिए । चौथो महाधिवेशनभित्र बहुमत पक्ष पञ्चायती चुनावको बहिष्कार र नयाँ जनवादी क्रान्ति दीर्घकालीन जनयुद्धद्वारा मार्क्सवाद-लेनिनवाद-माओवाद राख्नु पर्ने अवधारणामा अध्ययन हुँदै आएको थियो ।

यही कारणले वि.सं. २०४० सालमा अल्पमत पक्षका नेता निर्मल लामाले पार्टी फुटाई नेकपा (चौ.म.) राखियो उता बहुमतले नेपाल कम्युनिस्ट पार्टी (मशाल) राखियो । वि.सं.२०४१ सालमा नेपाल कम्युनिस्ट पार्टी (मशाल) ले पाँचौ महाधिवेशन गरी सत्ता जनतामा हस्तान्तरण भन्ने अस्पष्ट कार्यदिशा ल्यायो । कमरेड किरण महामन्त्री निर्वाचित हुनु भयो भने मोहनविक्रम सिंहलाई कारवाही भयो । मोहनविक्रम सिंहले २०४१ सालमा पार्टी फुटाएर नेकपा (मसाल) बनाई आफू महासचिव बने ।

नेपाल कम्युनिस्ट पार्टी (मशाल)ले नेपाल अर्ध-सामन्ती तथा अर्ध-औपनिवेशिक कृषि प्रधान देशमा कृषि क्रान्ति अर्थात् नयाँ जनवादी क्रान्ति दीर्घकालीन जनयुद्धद्वारा गर्नु पर्ने, मार्क्सवाद-लेनिनवाद-माओवाद पथ प्रदर्शक सिद्धान्त मान्नु पर्ने क्रान्तिकारी पार्टी, सेना र मोर्चा तीन जादुगरी हतियार बनाउनको लागि वर्ग संघर्ष मान्ने, नयाँ जनवादी क्रान्ति कार्यदिशा मान्ने चिनियाँ सर्वहारा सांस्कृतिक क्रान्ति मान्ने बीच (नेकपा चौम, मसाल र सर्वहारावादी श्रमिक संगठन) पार्टी एकीकरणको लागि विशेष मिलेर पार्टी एकता संयोजन समिति बन्यो । रूपचन्द्रको सानो हिस्सा पार्टी प्रवेश गऱ्यो । शितलकुमारको (हरिबोल गजुरेल) नेतृत्वमा विद्रोही मसाल बनाई नेकपा एकता संयोजन समितिमा मिल्यो । वि.सं. २०४८ सालमा एकता महाधिवेशन सम्पन्न भयो । पार्टीको नाम नेपाल कम्युनिस्ट पार्टी (एकताकेन्द्र), मार्क्सवाद-लेनिनवाद-माओवाद, नयाँ जनवादी क्रान्ति र दीर्घकालीन जनयुद्ध गरिने कार्यदिशा पारित गरियो । संयुक्त जनमोर्चा पार्टीको मोर्चाको रूपमा स्थापित थियो । वि.सं. २०४८ सालमा ९ सीट संसदमा चुनाव जितेको पनि थियो । तर वि.सं. २०५१ को निर्वाचन बहिष्कार गरेको थियो । संगठन, संघर्ष, उत्पादन र अन्तर्राष्ट्रिय भाइचारा समर्थन जुटाउन पार्टी चार तयारीमा लाग्दै गर्दा पार्टी भित्रका अल्पमत पक्ष चुनाव उपयोग पक्ष जो जनविद्रोह मान्नेहरू गोपनियता भंग गर्दै हिंड्न थालेपछि निर्मल लामाहरूलाई कारवाही भयो । निर्मल लामाजीले नेकपा (एकताकेन्द्र) राख्नु भयो भने बहुमत पक्षले वि.सं. २०५१ सालमा राष्ट्रिय सम्मेलन गरी पार्टीको नाम नेपाल कम्युनिस्ट पार्टी (माओवादी), मार्क्सवाद-लेनिनवाद-माओवाद, नयाँ जनवादी क्रान्ति दीर्घकालीन जनयुद्धको कार्यदिशा पारित गर्दै सुरु गर्ने अठोट गऱ्यो । वि.सं. २०५२ फागुन १ गते रोल्पाको होलेरी प्रहरी चौकी, रुकुमको चौरजहारी प्रहरी चौकी, सिन्धुलीको सिन्धुलीगढी प्रहरी चौकी र गोरखाको च्याङ्ली कृषि विकास बैंक कब्जा गर्नुको साथै नेपालभरि पोष्टर टाँस्ने र पर्चा छर्ने काम भयो । यसरी ऐतिहासिक रूपमा नेकपा (माओवादी) ले विद्रोह गऱ्यो ।

जनयुद्ध २०५२ साल फागुन १ गतेबाट सुरु भएपछि सबै नेता र कार्यकर्ताहरू भूमिगत भएर जनताका बीचमा गई सेल्टर लिन र कार्यक्रम दिन थाले । जनयुद्ध सुरु गरेपछि देशलाई मुख्य इलाका, सहायक इलाका र प्रचार इलाका वा मुख्य सहरहरू गरी तीन भागमा विभाजन गरियो । जनयुद्ध सुरु भएपछि गुरिल्ला जोनको रूपमा विकास गर्ने, राजनीतिक, संगठन, संघर्ष (जनसंघर्ष, प्रतिरोध संघर्ष, वर्ग संघर्ष, फौजी र गैरफौजी संघर्ष) आदि योजना बनाएर जाने काम भयो । १० वर्षे जनयुद्धमा वैकल्पित पि.वि.एम कमरेड सुरेश वाग्ले सी.सी.एमहरू लगायत १६ हजारभन्दा बढिले सहादत प्राप्त गर्नुभयो हजारौं बेपत्ता र घाइते अपाङ्ग भएका छन् । १० वर्षे जनयुद्धको प्रक्रियामा रक्षा, सन्तुलहुँदै प्रत्याक्रमणमा जाने बेला विशेष २०६१ साल चुनवाङ वैठकबाट लोकतान्त्रिक गणतन्त्र तर्फ जान लागेको देखिन्छ, जुनबेला जनयुद्धका हस्ती किरण, प्रचण्ड, सी.पी. गजुरेल र बादलमध्ये किरण र सी.पी. गजुरेल कमरेडहरूको अनुपस्थितिमा (भारत जेलमा परेपछि) चुनवाङ बैठकले जनयुद्धलाई प्रचण्ड-बाबुरामको गद्दार र स्विन्डलर (क्धष्लमभिच) ग्रुपले (राजनीतिक ठगहरूको ग्रुप) पार्टी र नेपाली नयाँ जनवादी क्रान्तिलाई धोका दिए । जनयुद्धमा जानु अघि वि.सं. २०५२ माग १९ गते संयुक्त जनमोर्चाले ४० सुत्रीय मागहरू जनतन्त्र, जनजीविका र राष्ट्रिय स्वाधीनतासम्बन्धी असमान सन्धि खारेजी र जनगतन्त्रको लागि तात्कालीन सरकारलाई ज्ञापनपत्र बुझाई खुलामञ्चमा जनसभा गरेको थियो ।

जनयुद्धको माग भनेको मुख्य जनगणतान्त्रिक व्यवस्था अहिलेको अनुसार संघीय जनगणतान्त्रिक नेपाल हो । नयाँ जनवादी व्यवस्था समाजवादी व्यवस्थाभन्दा पहिलो खुड्किलो हो । लोकतान्त्रिक गणतान्त्रिक, धर्मनिरपेक्षता, संघीयता, समावेशीता यी सबै बुर्जुवा गणतन्त्रको माग हो । यसको विरोध मात्र गर्ने होइन, कम्युनिस्टहरूको आफ्नो लक्ष्य त यसलाई भत्काएर जनगणतन्त्रमा जाने हो । २०५२ साल फागुन १ गते अगि नेकपा (माओवादी)ले गोरखामा केन्द्रीय समितिको बैठक डाकेको थियो । सो बैठकमा केन्द्रीय समितिका सबै कमरेडहरूले जनयुद्ध सुरु गर्छौं, कुनै पनि हालमा जनयुद्ध रोकिन्न बरु हामी सबैले बलिदान दिनेछौं भनी 'प्रोमिस' गरेका थिए । प्रचण्ड, बाबुराम राजनीतिक ठगहरूको डफ्फाले (न्चयगउ या एयष्तिष्अर्बा क्धष्लमभिचक) भारतसित बाह्रबुँदे सम्झौता गरी वि.सं. २०६३ साल मंसिर ७ गते जनयुद्ध समाप्त भएको घोषणा गरे । यो नेपालको इतिहासको ठूलो भूल र गद्दारी थियो । प्रचण्डले कामीडाँडा बैठक, बालाजु, खरीपाटी र गोरखा पालुङ्टार विस्तारित बैठकहुँदै सिन्धुपाल्चोकको सुकुटे बैठकले पूर्णरूपमा नेकपा (माओवादी) लाई शान्ति र संविधानको नाममा नव-संशोधनवादी बनायो त्यसकारण कमरेड किरणले हिम्मत गरेर ०६९ मा बौद्ध राष्ट्रिय भेलाद्वारा नेपाल कम्युनिस्ट पार्टी-माओवादीको रूपमा मार्क्सवाद-लेनिनवाद-माओवाद, कम्युनिस्ट पार्टी र क्रान्तिको रुक्षा, विकास र नयाँ ढंगले पुनः क्रान्ति गर्न दक्षिणपन्थी नवसंशोधनवादीहरूसित सम्बन्धविच्छेद गरियो । यो अपरिहार्य थियो । वि.सं. २०७२ सालमा नेत्रविक्रम चन्द 'विप्लव' ले नयाँ जनवादी क्रान्तिको विकल्पमा एकीकृत जनक्रान्ति निर्माण गरी वैज्ञानिक समाजवादको अस्पष्ट र फौजी कार्यदिशा विनाको लाइन ल्याएर नेकपा-माओवादीबाट अलग भई हाल नेकपा पुनर्गठन गरेका छन् । वि.सं. २०७३ सालमा बादलले नेकपा-माओवादीबाट अलग भई माकेमा प्रवेश गरी अहिले डबल नेकपा बनेका छन् ।

मातृका यादव, मणि थापा, माके र बादल सबै माके हुँदै एमालेमा समाहित भई डबल नेकपा नवसंशोधनवादी पार्टी बनेका छन् । विचारविनाका पार्टीहरू माले, संयुक्त लगायत डबल नेकपा निकट देखिन्छ । नेकपा (मसाल) भित्र डबल नेकपामा आकर्सित हुने र नेकपा (क्रान्तिकारी माओवादी) आकर्षित हुने पनि छन् ।

ऋषि कट्टेलको नेतृत्वमा रहेको नेकपा माले, एमालेबाट बनेको हुनाले राजनीतिक कार्यदिशा प्रष्ट हुन आवश्यक छ र सर्वहारा सांस्कृतिक क्रान्ति मान्नु र चीनमा प्रतिक्रान्ति भएको मान्ने भए मात्र सच्चा क्रान्तिकारी पार्टी हुनेछ । अहिले तत्काल नेकपा सच्चा क्रान्तिकारी पार्टी हुन निम्न कुराहरू मान्नु पर्ने हुन्छ- १) मार्क्सवाद-लेनिनवाद-माओवाद/विचारधारा मान्नु २) वर्ग संघर्ष मान्नु ३) राज्यसत्ता प्राप्त गर्न बलप्रयोगको भूमिका मान्ने ४) सर्वहारा सांस्कृतिक क्रान्ति मान्नु ५) अहिले विश्वमा सर्वहारा वर्गको सत्ता नभएको मान्नु ६) सर्वहारा वर्गको अधिनायकत्व मान्नु ७) जनवादी केन्द्रीयता मान्नु यसमा मुख्य वर्ग संघर्ष, सत्तामा बलप्रयोगको भूमिका, सर्वहारा सांस्कृतिक क्रान्ति नमान्ने कम्युनिस्ट हुनै सक्दैन ।

अहिले नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) ले माथिका ७ वटा पोइन्टलाई आत्मसात् गर्दछ । नेकपा (मसाल) बाट बिद्रोह गरी नेकपा (एकीकृत) बनेको थियो त्यसबाट छुटीई वि.सं. २०७२ सालमा नेकपा-माओवादी र क. परि थापाले नेतृत्व गरेको नेकपा (एकीकृत) मिलेर नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) निर्माण भई २०७४ सालमा राष्ट्रिय सम्मेलन गरेर मार्क्सवाद-लेनिनवाद-माओवाद, नयाँजनवादी क्रान्ति सशस्त्र जनविद्रोह फौजी कार्यदिशा चयन गरिएको थियो ।

संम्पूर्ण नेपाली न्यायप्रेमी जनसमुदाय राजनीतिक व्यक्तित्व, स्वतन्त्र वाम बुद्धिजीवी मित्रहरू नेपालको राष्ट्रियता बचाउन, फिजीकरण, भुटानीकरण, सिक्कीमीकरणबाट बचाउन २०० वर्षबाट राज गर्दै आएको बुर्जुवा गणतन्त्रले सतप्रतिशत जनताको हित गर्न सक्दैन । नेपालमा नयाँ जनवादी क्रान्तिको विकल्प छैन । त्यसैले मार्क्सवाद-लेनिनवाद-माओवादको आलोकमा नेकपा (क्रान्तिकारी माओवादी) ले जनविद्रोह (नेपालको मौलिकता) द्वारा नयाँ जनवादी क्रान्ति गर्ने निर्णय गरेकोले सबैले सहयोग समर्थन र भाग लिन आवश्यक छ । सच्चा क्रान्तिकारी नेपाली कम्युनिस्ट आन्दोलन भित्र नयाँ जनवादी क्रान्तिको भविष्य उज्जल छ, यसै क्रान्तिद्वारा नेपाली समस्याको हल हुनेछ ।

## मार्क्स...

लड्नु भयो । साथै हेगेलका आदर्शवादी द्वन्द्ववादका विरूद्धमा पनि लडाइ लड्नु भयो । फायरवाखको भौतिकवाद र हेगेलको द्वन्द्ववादलाई लिएर मार्क्सले द्वन्द्वात्मक भौतिकवाद बनाउनुभयो । ऐतिहासिक भौतिकवाद मार्क्सको नयाँ आविष्कार हो । ऐतिहासिक भौतिकवाद मार्क्सको मौलिक आविष्कार हो । यो दर्शनशास्त्रको क्षेत्रमा मार्क्सले गरेको आविष्कार हो ।

दोस्रो, योगदान मार्क्सले राजनीतिक अर्थशास्त्रका क्षेत्रमा अतिरिक्त मूल्यको सिद्धान्त प्रतिपादन गर्नु भयो । मानव समाजमा एउटा मुठ्ठीभर वर्गले बहुसंख्यक श्रमजीवी वर्गलाई कसरी शोषण गर्दछ भन्ने कुरा पत्ता लगाउनु भयो । नीजि सम्पत्तिको उन्मुलन गरेर नै शोषणका अन्त्य हुनसक्छ, समाजवाद आउन सक्छ र त्यसपछि साम्यवादमा पुग्न सक्छ । सामुहिक उत्पादन र नीति विचरणको अन्तर्विरोध पत्ता लगाएर उत्पादन सम्बन्ध र उत्पादन शक्तिबीच चल्ने संघर्षबाट नै समाजवाद प्राप्त हुन्छ भन्ने कुरा मार्क्सले राजनीतिक अर्थशास्त्रका क्षेत्रमा पत्ता लगाउनु भयो । त्यसका साथै मार्क्सले वैज्ञानिक समाजका क्षेत्रमा खास गरी समाजमा वर्गहरू हुन्छन् भन्ने कुराले पहिले नै थाहा थियो तर मार्क्सले त्यसलाई कसरी हल गर्नु पर्छ भन्ने कुरा चाँहि वर्ग संघर्ष गर्नु पर्छ, वर्ग संघर्षका लागि आफ्नै पार्टी निर्माण गर्ने प्रक्रिया अघि बढाउनु भयो ।

त्यसका साथै वर्ग संघर्ष एउटा चरणमा प्रवेश गरिसकेपछि सशस्त्र संघर्षमा जानै पर्छ र सशस्त्र संघर्षले मात्र क्रान्तिको छिनोफानो गर्दछ भन्दै मार्क्सले के भन्नु भएको छ भने इतिहासबाट प्राप्त शिक्षा जस्तै : फ्रान्सको वर्गसंघर्ष, पेरिस कम्युन शिक्षा लिदै उहाँले सर्वहारावर्गको अधिनायकत्व आवश्यक हुन्छ भन्नु भयो । साथै सर्वहारावर्गको अधिनायकत्व किन आवश्यक हुन्छ भन्ने कुरामा मार्क्सले ८ चारवटा कुरा अगाडि सार्नु भयो । नम्बर एकमा वर्गविभेद अन्त्य गर्नका लागि, नम्बर दुईमा वर्ग विभेद उत्पन्न हुने उत्पादन सम्बन्धमा आधारित सामाजिक सम्बन्धहरूको उन्मूलन गर्नका लागि र चार नम्बरमा सामाजिक सम्बन्धबाट पैदा हुने विचारहरू जो छन् तिनीहरूलाई क्रान्तिकरण गर्नका लागि सर्वहारा वर्गको अधिनायकत्व हुने कुरा मार्क्सले स्थापित गर्नु भयो । अन्त्यमा पुँजीवादबाट समाजवाद हुँदै साम्यवादमा पुग्नका लागि संक्रमणकाल हो भनेर विश्व सर्वहारा श्रमजीवी वर्गलाई यिनै दर्शनहरू मार्क्सले जुन दिनु भयो । यी तत्वहरू नै मार्क्सका मूख्य योगदान हुन् ।

जहाँ सम्म मार्क्सवादको प्रयोगको कुरा छ, त्यसमा मार्क्सवादको पहिलो प्रयोग पेरिस कम्युनमा गएर भयो । ऐतिहासिक भौतिकवादले जुन वर्ग संघर्ष सशस्त्र संघर्ष र सर्वहारावर्गको अधिनायकत्व मान्यता र नियमलाई स्थापित गरेको छ, त्यसमा पेरिस कम्युनमा गएर पहिलो पटक कार्यान्वयनमा आयो । पेरिस कम्युन इतिहासको एउटा परिघटना थियो, पेरिस कम्युनका वारेमा अन्तर ाष्ट्रिय थुप्रै डकुमेन्टहरू, आएका छन्, मूल्याङ्कन गरिएका छन् । पेरिस कम्युन छोटै अवधिसम्म मात्र टिकेको भए पनि त्यो विश्व सर्वहारावर्गको महान् आदर्श थियो ।

ऐतिहासिक भौतिकवाद त्यसको सारतत्व वर्गसंघर्ष, सशस्त्र संघर्ष र सर्वहारार्वगको अधिनायकत्सम्बन्धी मान्यता जुन मार्क्सले कम्युनिष्ट घोषणापत्रबाट सुरू गर्नु भएको थियो, पेरिस कम्युनको संश्लेषण गर्ने बेलासम्म ऐतिहासिक भौतिकवादका महत्वपूर्ण सिद्धान्तहरू परिपक्क भएर, आएको देखिन्छ । उदाहरणका लागि कम्युनिष्ट घोषणापत्रमा सर्वहारावर्गको अधिनायकत्व भन्ने शब्द छैन । शासक वर्गका रूपमा संगठित सर्वहारा वर्ग भन्ने छ । त्यसलाई अलि पछि गएर फ्रान्समा वर्ग संघर्ष लेख्ने क्रममा संगठित सर्वहारा वर्ग भन्ने छ । त्यसलाई अलि पछि गएर फ्रान्समा वर्ग संघर्ष लेख्ने सिलसिलामा त्यही सर्वहारावर्गको अधिनायकत्वसंग सम्बन्धित कुरामा अलिपरसम्म मार्क्स जानु भयो । पछि गएर अठारौं ब्रुमेयरमा जाँदाखेरी अब सर्वहारावर्गले संघर्ष गऱ्यो भने पुरानो राज्यसत्तालाई चक्नाचुर पारेर नयाँ राज्यसत्ता ल्याउँछ भन्ने मान्यता मार्क्सले विकसित गर्नु भयो ।

त्यसरी ठयाक्कै पेरिस कम्युनमा जाँदा खेरी पहिलो कुरा मार्क्सले के भन्नु भयो भन्दा पेरिस कम्युन कार्यनीतिक रूपमा संसदीय होइन् । गैरसंसदीय व्यवस्थाले दोस्रो नम्वरमा पेरिस कम्युनले के गऱ्यो भने पहिलेसम्म त राज्यसत्ता ध्वस्त पार्ने होइन एउटा वर्गको हातवाट अर्को वर्गको हातमा लिने कुरा हो भनिन्थ्यो तर जब पेरिस कम्युनमा पुगेपछि सर्वहारावर्गले पुरानो राज्यसत्ता ध्वस्त पारेर नयाँ राज्यसत्ता स्थापना गर्नुपर्छ भन्ने कुरा ल्याई दियो । तेस्रो कुरा त्यो सर्वहारावर्गको अधिनायकत्वको प्रयोगको कुरा थियो । त्यसपछि सर्वहारावर्गको अधिनायकत्व के हो भन्ने कुराको जवाफमा पेरिस कम्युनमा गएर हेर है भन्ने सम्मको अवस्था भयो । यसको अर्थ के हो भने कम्युनिष्ट घोषणापत्रदेखि लिएर ऐतिहासिक भौतिकवादको मान्यता वर्गसंघर्ष, सशस्त्र संघर्ष र सर्वहारावर्गको अधिनायकत्वको मान्यतालाई पेरिस कम्युनसम्म जाँदा के कुरा पुष्टि भयो भने कम्युन त सकियो तर मार्क्सले के भन्नु भयो भने भने कम्युन जस्तै गरियो भने त्यो समाप्त भयो भने पनि "कम्युनले जुन सर्वहारावर्गको मुक्तिको आदर्श थालनी गरेको थियो त्यो मर्दैन ।

जबसम्म एउटा उत्पीडित वर्ग मुक्त हुँदैन तवसम्म पेरिस कम्युन बारम्वार ब्युँझिदै जानेछ" भन्नु भयो । मार्क्सले भनेजस्तै सन् १९१७ मा रूसको महान् अक्टुवर क्रान्तिमा पेरिस कम्युन नयाँ ढंगले देखा पऱ्यो । त्यस्तै चीनमा महान नयाँ जनवादी क्रान्ति हुँदै संसारका विभिन्न मुलुकहरूमा थुप्रै क्रान्तिहरू सम्पन्न भए । ती क्रान्तिहरूमा को प्रक्रियामा पेरिस कम्युन देखा पऱ्यो । सारमा के थियो भने मार्क्सले ऐतिहासिक भौतिकवादको जुन संश्लेषण र गर्नु भएको थियो त्यो पेरिस कम्युन हो भन्ने पुष्टि हुन पुग्यो ।

## कृष्णदास...

तर लामो समयदेखि चीसोले हुने छातीको रोग ब्रोङक्राइट्सबाट भने पीडित हुँदै आएका छन् । भेट हुन पुगेकाहरूसँग उनी राम्रोसँग बोलचाल गर्न र देहोरो कुराकानी गर्न सक्छन् । उनको हेरचाहमा ७६ वर्षीया जीवन संगिनी महालक्ष्मी श्रेष्ठसहित आफन्तहरू रहेका छन् ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

मितेरी यातायात एण्ड अटो प्रा.लि.

प्रधान कार्यालय : कलंकी, काठमाडौं
फोन नं. : ०१-५२२५२८१
पुष्प- ९८५१०४३३२८, ९८०८४६११०६
बिक्की शर्मा गुरागाँई- ९८५११९५८८९
तेह्रथुम सम्पर्क : डिल्लराम रेग्मी- ९८५२०६०२५४
फोन नं. : ०२६-४६०२५४

कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

रोयल बुईपा A/C जम्बो हाईस

गाईघाट-लहान-खुर्कोट हुँदै काठमाडौंसम्म

काठमाडौं सम्पर्क नम्बर
बसन्त खड्का - ९८४२८३७७९३
- ९८१७७१९६९७
ईन्द्र कट्टेल - ९८१८४१५२९०

गाईघाट सम्पर्क नम्बर
फोन नं. ०३५-४२१६४३
पुरुषोत्तम खनाल - ९८५२८३५६९०
- ९८१५७८४८७४

दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

हिमाल-तराई यातायात सेवा समिति

यहाँ काठमाडौंबाट सिन्धुली, बर्दियावास, ढल्के, जनकपुर, जलेश्वर, लालबन्दी, बयलवास, रामेछाप, मन्थली, च्यास्कु, भालुथोक, घुर्मी, बेतिनी, कटारी, गाईघाट, जयराम, हलेसी, दिक्तेल, मानेभञ्जाङ, ओखलढुंगा, सोलु, सल्लेरी, भीमान, मरिन, डकाहासम्मको टिकट पाइन्छ ।

टाटासुमो बोलेरो
(रिजर्भ चाहिएमा)
०४७-५२११६९ सिन्धुली
९८४१०१६०४९ ढकाल बाजे
९८६०१०२७३८ विश्व
९८४४२५२३८५ सानोभाई
९८४११०६९६७ संजीव
९८४५७८४३०७ प्रदीप
०१-५१००४९४ कोटेश्वर
९८४४००८४०० लाल बहादुर

रिजर्भ चाहिएमा सम्पर्क
सानोभाई फलफूल एण्ड जुस भण्डार
सिन्धुली जुनार भवन ९८४४२५२३८५, ९८४४०७६२६१, ९८३९२८४३०

